उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

सेवाग्राही सन्तुष्टि सर्वेक्षणः प्रतिवेदन

२०८३

सहजीकरणः

प्रिथा रिसर्च, ट्रेनिङ एण्ड एड्भोकेसी इन्स्टिच्युट प्रा.लि., बानेश्वर, काठमाडौं

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

सेवाग्राही सन्तुष्टि सर्वेक्षणः प्रतिवेदन

२०८३

अनुसन्धान कर्ताः

नारायणी देवकोटा,
बिनोद दुलाल,
शर्मिला रिजाल

कृतज्ञता

प्रिथा रिसर्च, ट्रेनिङ एण्ड एड्भोकेसी इन्स्टिच्युट प्रा.लि. को कार्यक्षमता माथि भरोसा गरेर यस उत्तरगया गाउँपालिका भित्र बसोबास गरि गाउँपालिकामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सेवा लिएका सेवाग्राहीहरुको गाउँपालिका प्रतिको सन्तुष्टि सर्वेक्षण अध्ययन गर्ने जिम्मेवारी दिनु भएकोमा उत्तरगया गाउँपालिका परिवार प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं । गाउँपालिकाको कार्यालयका विभिन्न शाखाबाट दिइएका सेवा वा आफ्ना पाँच वटै वडाबाट दिइएका विभिन्न सेवा साथै गाउँपालिकाका अन्य अभिमुखीकारण र उद्यमशिलता विकास, अनुदानमा आधारित विभिन्न तालिम र सहयोगले गाउँपालिकाका सेवाग्राहीहरुमा पुगेको सहयोगका विषयमा यस सम्बन्धि सहभागीहरु तथा गाउँपालिकाका अन्य व्यक्तिहरुको व्यक्तिगत अन्तरवार्ताका क्रममा तथा सामूहिक छलफलका क्रममा हामीलाई दिनु भएको जानकारी, अन्तरवार्ता गर्ने सिलसिलामा हेरिएका वा खोजिएका र प्रत्यक्ष देखिएका जानकारीहरुका आधारमा हामीले यो प्रतिवेदन तयार पारेका छौं । त्यसैले सर्भेक्षणका क्रममा हामीलाई आफ्ना ज्ञान क्षमता र अनुभवको आधारमा पालिकाको काम र सेवाग्राहीलाई दिने सेवाको बारेमा खुलेर कुरा बताईदिनु भएकोमा सम्पूर्ण उत्तरदाता, छलफलकर्ता तथा सुझावदाता, यस अध्ययनको क्रममा नियमित सुझाव परामर्श र मार्गनिर्देश गर्नु हुने गाउँपालिकाका अध्यक्ष श्री माधव अर्याल ज्यू, गाउँपालिकाका उपाध्यक्ष श्री चमेली गुरुङ ज्यू, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री होमनाथ दाहाल ज्यू, वडा अध्यक्ष ज्यूहरु, वडा सचिवज्यूहरु तथा सम्पूर्ण कर्मचारी सर/म्याडम प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

नारायणी देवकोटा

विनोद दुलाल

शर्मिला रिजाल

कार्यकारी सारसंक्षेप

यस सेवाग्राही सर्वेक्षणको उद्देश्य उत्तरगया गाउँपालिकाले प्रदान गर्दै आएका सार्वजनिक सेवा, विकास कार्यक्रम तथा सेवा प्रवाहप्रति सेवाग्राहीको सन्तुष्टिको अवस्था मूल्याङ्कन गर्नु, सेवाको प्रभावकारिता तथा पहुँचको विश्लेषण गर्नु र सेवा प्रवाहमा सुधार गर्न आवश्यक पक्षहरूको पहिचान गर्नु रहेको छ । अध्ययनमा मिश्रित अनुसन्धान पद्धति अवलम्बन गरिएको छ, जसअन्तर्गत परिमाणात्मक तथा गुणात्मक दुवै विधिको प्रयोग गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि प्रश्नावलीमा आधारित सर्वेक्षण, प्रमुख सूचनादाता अन्तर्वार्ता (KII), समूह केन्द्रित छलफल (FGD) र केस अध्ययन तथा सम्बन्धित दस्तावेजहरूको समीक्षा गरिएको छ। अध्ययनका क्रममा गाउँपालिकाका पाँचवटै वडाबाट २०४ जना सेवाग्राही तथा सरोकारवालासँग प्रत्यक्ष अन्तर्वार्ता गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ।

अध्ययनले गाउँपालिकाबाट सञ्चालित अधिकांश सेवा तथा कार्यक्रमप्रति सेवाग्राहीहरूको धारणा समग्रमा सकारात्मक रहेको देखिएको छ। विशेषगरी टेलिमेडिसिन सेवा, गाउँघर क्लिनिक, स्वास्थ्य शिविर, कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम, महिला लक्षित सीपमूलक तालिम, सामाजिक सुरक्षा तथा विभिन्न विकास कार्यक्रमहरूले स्थानीय नागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पारेको सर्भेक्षणको क्रममा पाइएको छ । अधिकांश सेवाग्राहीले गाउँपालिकाको सेवा प्रवाहलाई सहज, उपयोगी तथा नागरिकमैत्री भएको बताएका छन् । विशेषगरी दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न टेलिमेडिसिन सेवाले समय, लागत तथा श्रमको बचत गराएको र स्थानीयस्तरमै विशेषज्ञ चिकित्सकको परामर्श प्राप्त गर्न सहज भएको अनुभव सेवाग्राहीहरूले व्यक्त गरेका छन् ।

यद्यपि, सर्भेक्षणले केही महत्वपूर्ण सुधारका क्षेत्रहरू पनि पहिचान गरेको छ । सीपमूलक तालिम प्राप्त गरेपछि उद्यम सञ्चालनका लागि बजार पहुँच, कच्चा पदार्थको उपलब्धता, वित्तीय तथा प्राविधिक सहयोग, नियमित अनुगमन तथा व्यवसाय प्रवर्द्धनका कार्यक्रम पर्याप्त नभएकाले तालिमको दीर्घकालीन प्रभाव अपेक्षाकृत कम रहेको देखिएको छ । त्यसैगरी स्वास्थ्य संस्थामा औषधि, प्रयोगशाला सेवा तथा आवश्यक उपकरणको अभाव, केही स्थानमा सडक तथा यातायातको

सीमित पहुँच, अपाङ्गमैत्री पूर्वाधारको कमी, पर्यटन व्यवस्थापन तथा सूचना प्रवाहमा थप सुधार आवश्यक रहेको सेवाग्राहीहरूले सुझाव दिएका छन् । यसका अतिरिक्त सेवाको बारेमा सबै नागरिकसम्म पर्याप्त सूचना नपुग्दा केही सेवाग्राही सेवा तथा पालिकाले अतिरिक्त प्रवाह गर्ने विभिन्न कार्यक्रमबाट वञ्चित भएको पनि सर्भेक्षणले देखाएको छ ।

समग्रमा अध्ययनले उत्तरगया गाउँपालिकाको सेवा प्रवाहप्रति सेवाग्राहीहरूको सन्तुष्टि सन्तोषजनक रहेको निष्कर्ष प्रस्तुत गरेको छ । साथै, सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, समावेशी, पहुँचयोग्य तथा नागरिकमैत्री बनाउन सेवाग्राहीबाट प्राप्त सुझावहरूको कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कन, संस्थागत क्षमता अभिवृद्धि, सूचना प्रवाहको सुदृढीकरण तथा स्थानीय आवश्यकता अनुरूपका कार्यक्रमहरूको निरन्तर सुधार आवश्यक रहेको प्रतिवेदनले औंल्याएको छ। यस अध्ययनबाट प्राप्त निष्कर्ष तथा सुझावहरूले गाउँपालिकाको भावी योजना तर्जुमा, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा सुशासन प्रवर्द्धनका लागि महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

विषय सूचि

कृतज्ञता i

कार्यकारी सारसंक्षेप ii

परिच्छेद एकः परिचय 1

१.१ उत्तरगया गाउँपालिकाको परिचय 1

१.२ पृष्ठभूमिः 2

१.३ सर्वेक्षणको उद्देश्य : 4

१.४ अनुसन्धान विधि : 5

१.५ सर्वेक्षणका सीमाः 7

१.६ क्रियाकलापको कार्यसूचिः 7

परिच्छेद दुईः उत्तरदाताको जनसांङ्खिक वितरण 9

२.१ वडागत उत्तरदाताको जनसंख्या 9

२.२ लिंगको आधारमा उत्तरदाताको वितरणमा 10

२.३ जातको आधारमा उत्तरदाताको विवरण 10

२.४ पेशागत आधारमा महिला र पुरुष 11

२.५ उमेरको आधारमा उत्तरदाताको विवरण 12

२.६ उत्तरदाताको वैवाहिक अवस्थाको विवरण 12

परिच्छेद तीनः तथ्यांकको विश्लेषण 13

३.१ टेलिमेडिसिन सेवा 13

३.२ स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति सेवाग्राहीको अनुभव 15

३.३ उद्यमशिलता विकासका कार्यक्रमको अवस्था 17

३.४ पशुपालनमा गरिएको सहयोग 19

३.५ अनुदानमा आधारित कृषि कार्यक्रम 22

३.६ गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टिको अवस्था 23
३.७ विपद व्यवस्थापन समितिबारे जानकारी 24
३.८ विपत व्यवस्थापन समिति प्रति सेवाग्राहीको अनुभव 25
३.९ न्यायिक समिति र मेलमिलाप केन्द्र 27
३.१० गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रम 28
३.११ गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रम 29
३.१२ वडा कार्यलय भवन बन्ने चरणमा रहेको विषयमा.. 30
३.१३ चिनिया भाषाको कार्यक्रम 31
३.१४ वडा बाहिरका शिक्षक तथा स्वास्थ्यकर्मिलाई प्रोत्साहन कार्यक्रम 32
परिच्छेद चारः निष्कर्ष 33
४.१ सबल पक्ष : 33
४.२. कमजोरीका पक्ष 34
४.३. चुनौतीका पक्षहरु 34
४.४ सर्भेक्षणका आधारमा दिईएका सुझावहरु 35
परिच्छेद पाँचः अनुशूचि 37
अनुसूचि एकः अध्ययनको क्रममा खिचिएका तस्विरहरु 37
अनुसूचि दुईः अध्ययनका प्रयोग गरिएको प्रश्न पत्र.. 47

परिच्छेद एकः परिचय

१.१ उत्तरगया गाउँपालिकाको परिचय

समुन्द्री सतहबाट करिब १००० मिटर देखि ५००० मिटर सम्मको उचाईमा रहेको उत्तरगया गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २७ डिग्री ५८ मिनेट २२ सेकेण्ड देखि २८ डिग्री १० मिनेट ७ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ७ मिनेट २० सेकेण्ड देखि ८५ डिग्री १४ मिनेट ३५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । उत्तरगया गाउँपालिका रसुवा जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा कालिका गाउँपालिका, पश्चिममा धादिङ्ग जिल्ला, दक्षिणमा नुवाकोट जिल्ला र उत्तरमा पार्वतीकुण्ड गाउँपालिकाको सिमाना सगँ जोडिएको छ । गाउँपालिकाको अधिकांश क्षेत्र भिरालो पहाडी भूबनोट र त्रिशुली नदिको वहाव क्षेत्र पनि रहेको छ । जसले बाढी र पहिरोको जोखिम पनि धेरै छ । पाँच वटा वडामा विभाजित यस गाउँपालिकाका अधिकांश भूभाग भौतिक पूर्वाधार विशेष गरी, सहज सडक र सार्वजानिक यातायातको सहज पहुँचमा पुग्न सकेको छैन ।

बिक्रम संम्वत् २०७३ साल फागुन २७ गतेको नेपाल सरकारको निर्णय बमोजिम तत्कालिन (साबिकको) लहरेपौवा गाउँ विकास समितिको १ देखि ७ र ९ नं वडा, ठुलोगाउँ गाउँ विकास समिति, डाडागाउँ गाउँ विकास समिति र हाकुगाउँ गाउँ विकास समितिका ८ र ९ नं वडा मिलेर रसुवा जिल्लामा अवस्थित नेपालकै प्रशिद्ध धार्मिक स्थल उत्तरगया धामको नामबाट उत्तरगया गाउँपालिकाको नामाकरण गरिएको हो । यसको जम्मा क्षेत्रफल १०४.५१ वर्ग किमी रहेको छ । गाउँ कार्यपालिकाको कार्यालय हाल पालिकाको वडा नम्बर ५ अन्तर्गत लहरेपौवामा रहेको छ ।

नेपाल सरकारले विक्रम सम्बत् २०७८ सालमा गरेको जनगणना अनुसार यस पालिकामा कुल जनसंख्या ८५५५ रहेको छ। जसमध्ये ४३२० जना अर्थात् ५०.५ प्रतिशत महिला र ४२३५ जना अर्थात् ४९.५ प्रतिशत पुरुष रहेकाछन् । लैङ्गिक अनुपात ९८.०३ पुरुष प्रति १०० महिला रहेको गाउँपालिकाको जनघनत्व ८२ रहेको छ। २,१८८ परिवार रहेको गाउँपालिकाको वडा नम्बर ५ को जनसंख्या सबैभन्दा धेरै छ भने वडा नम्बर १ को जनसंख्या सबैभन्दा कम रहेको छ। ७८ प्रतिशत

पुरुष र ६५.६ प्रतिशत महिला साक्षर रहेको गाउँपालिकाको साक्षरता दर ७१.८ प्रतिशत रहेको छ ।

आर्थिक हिसाबले त्रिशुली नदिसँग जोडिएको कारण उत्तरगया गाउँपालिकाको जलविद्युतको प्रचुरता बोकेको क्षेत्र पनि हो । यसका अतिरिक्त चिनसँगको सिमाना नजिक भएका कारण अन्तरदेशिय ब्यापार र धार्मिक पर्यटक (मानसरोबर यात्राका लागि) को सम्भावना पनि त्यत्ति नै रहेको छ। साथै गाउँपालिकामा रहेका भाँगे झरना, उत्तरगया धाम जस्ता धार्मिक र घलेगढी जस्ता ऐतिहासिक क्षेत्रको कारण आन्तरिक पर्यटनको सम्भावना पनि त्यति नै रहेको छ । गाउँ पालिकाका औषत पारिवारिको आम्दानी कृषि, पशुपालन, स्वदेश भित्रको रोजगार (मजदुरी समेत) र बैदेशिक रोजगारीमा जोडिएको छ। कृषि र पशुपालनलाई परम्परागत गुजारामुखीबाट ब्यवसायिक बनाउनको लागि गाउँपालिकाले विभिन्न परियोजनाहरु सञ्चालन गरिरहेको छ। महिला सशक्तिकरणको लागि महिला सहकारीको निर्माण गरि, महिला सहकारीका सदस्यहरुको मागमा आधारित विभिन्न सिपमुलक तालिम, अनुदानमा आधारित कृषि र पशुपालनको ब्यवस्था गरेको छ ।

साथै बढ्दो आधुनिकिकरणको प्रभाव स्वरुप विशेष गरि शिक्षा, स्वास्थ्य, रोजगारी र अबसरको खोजिमा गाउँपालिकाबाट बसाई सर्ने क्रम पनि बढ्दो रहेको छ । जसलाई रोक्नको लागि गाउँपालिकाले गाउँघर क्लिनिक, विभिन्न स्वास्थ्य शिविर, टेलिमेडिसिन, बिकट क्षेत्रका शिक्षकलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन भत्ताको पनि ब्यवस्था गरेको छ। साथसाथै चिनसँगको सिमाना जोडिएको कारण चिनसँगको ब्यापारका सम्भावनालाई मध्येनजर गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा स्नातक तहको चिनियाँ भाषाको कक्षा पनि छात्रबृत्ती सहित सञ्चालनमा ल्याएको छ ।

१.२ पृष्ठभूमिः

गाउँपालिका बासीको हितलाई केन्द्रबिन्दुमा राखी राज्य संयन्त्रका निकायहरूबाट सञ्चालित सेवालाई नागरिकसम्म छिटो, छरितो, मितव्ययी रुपमां निरन्तर गुणस्तरीय सेवा पुर्‍याउनु गाउँपालिकाको कर्तव्य हुन्छ । सार्वजनिक सेवा प्रवाहको पछिल्लो अवधारणाले नागरिकलाई नै सशक्त बनाएर नागरिकद्धारा नियन्त्रित सेवा प्रवाहलाई जोड दिएको छ । नागरिकहरुको

सशक्तिकरणले सेवा सुविधाको माग गर्न सक्ने क्षमता र संस्कारको विकास पनि गर्छ र पालिकाको सेवालाई अधिकार र कर्तव्यको रूपमा जोड्ने पद्धतिको विकास गर्छ । पारदर्शिता, सूचनामा पहुँच, निर्णय प्रक्रियामा आम सर्वसाधारणको सहभागिता र साझेदारी, गुनासो सुनुवाई, नागरिक सन्तुष्टि मापन र निरन्तर सुधारमार्फत् सेवा प्रवाहमा नागरिक नियन्त्रण कायम हुन्छ । यसले समग्र गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरूलाई थप जवाफदेही र उत्तरदायी बनाउन समेत सहयोग पुऱ्याउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा व्यवस्था भए अनुसार हरेक स्थानीय तहहरूले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता जवाफदेहिता र सुशासन प्रवर्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । स्थानीय तहले सञ्चालन गर्ने विभिन्न क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्न कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यन्वयन गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ। सोहि बमोजिम उत्तरगया गाउँपालिका र प्रिथा रिसर्च, ट्रेनिङ एण्ड एड्भोकेसी इन्स्टिच्युट प्रा.लि. बानेश्वर बीचमा सम्झौता भई सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्य सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको हो ।

हामीले गाउँपालिकाका सबै वडाका विभिन्न क्षेत्रमा गई गाउँपालिकावासीको अभिमत उदेश्यमा आधारित अनुसन्धान विधि मार्फत तथ्यांकको रुपमा सङ्कलन गरेका छौं । गाउँपालिकाले पालिकावासीलाई उपलब्ध गराएको सेवा सुविधाका आधारलाई टेकेर सर्वसाधारणसँग सोधिने प्रश्न जम्मा दुई सय चार जना उत्तरदाताको अभिमतलाई तथ्यांकमा रुपान्तरण गरिएको छ। यसरी प्राप्त तथ्याङ्कको विश्लेषण गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन २०८३ तयार गरिएको छ ।

प्रिथा रिसर्च, ट्रेनिङ एण्ड एड्भोकेसी इन्स्टिच्युट प्रा.लि. बानेश्वरको सहजीकरण तथा गाउँपालिकाको आयोजनामा उत्तरगया गाउँपालिकाको वार्षिक कार्ययोजना आर्थिक वर्ष २०८२/०८३ बमोजिम सेवाग्राही सन्तुष्टिको अवस्था यकिन गर्ने र त्यसका आधारमा पृष्ठपोषण प्राप्त गरी आगामी दिनमा थप सुधारका कार्यहरू गर्ने उल्लेख भए बमोजिम यो प्रतिवेदन तयार भएको छ ।

यस सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन २०८३ ले गाउँपालिकाको समग्र सार्वजनिक सेवा, विभिन्न योजनाहरुको प्रवाह अत्यन्तै राम्रो रहेको तथ्य उजागर गरेको छ । केही विषयहरुमा जस्तै सडक निर्माण, पर्यटकिय क्षेत्रको व्यवस्थापन, अपांगता भएका व्यक्तिहरुका लागि सहजपहुँच जस्ता क्षेत्रमा भने सुधार गर्नुपर्ने पृष्ठपोषण प्राप्त भएको छ । सर्वेक्षणका क्रममा सेवाग्राहीहरूबाट प्राप्त सुझाव/पृष्ठपोषणलाई महत्वपूर्ण पक्षको रूपमा स्वीकार गरी पालिकाबाट उपलब्ध भौतिक, मानवीय तथा वित्तीय स्रोतसाधनको अधिकतम उपयोगमार्फत सुझाव कार्यान्वयन गर्दै जाने विषयमा समेत गाउँपालिका प्रतिवद्ध रहेको पाईएको छ । यसर्थ आगामी दिनमा यस गाउँपालिकाको सेवा प्रवाह अझै प्रवल बन्दै जाने अपेक्षा गर्न सकिन्छ ।

सुशासन कायम गर्नका लागि सेवाग्राही र सेवा प्रदायक दुवै पक्षहरू जिम्मेवार हुनुपर्छ । विद्यमान परिवेशमा सेवा प्रदायक निकायहरू सेवा प्रवाहका लागि सक्षम भएपनि सेवाग्राहीहरूको बुझाईलाई अझै फराकिलो बनाउन थप प्रयासहरूको खाँचो रहेको देखिन्छ । सेवा प्राप्तिका लागि आवश्यक प्रक्रिया र कागजातहरूका बारेमा सेवाग्राहीहरूलाई पूर्ण जानकारी गराउँदै गुणस्तरीय सेवा प्राप्ति सेवाग्राहीको अधिकारको विषय हो भन्ने स्थापित गर्न गाउँपालिका सक्षम भएको प्राप्त तथ्यहरुले देखाउँछन् ।

सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन २०८३ तयारीका क्रममा अभिमत सङ्कलनका लागि महत्वपूर्ण सहयोग गर्नुहुने जनप्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, सेवाग्राही जसले हामीलाई आफ्नो व्यस्त समयका बावजुद पनि आफ्नो समय र अन्तरवार्ता मार्फत महत्वपूर्ण सूचना तथा जानकारी उपलब्ध गराउनु भएको सहयोगको लागि प्रिथा रिसर्च, ट्रेनिङ एण्ड एड्भोकेसी इन्स्टिच्युट प्रा.लि. हार्दिक आभार व्यक्त गर्दछ ।

१.३ सर्वेक्षणको उद्देश्य :

सेवाग्राही सन्तुष्टि सर्वेक्षणका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

१. उत्तरगया गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाह, गाउँपालिकाबासीको सशक्तिकरणका लागि गाउँपालिकाले गरेका नविन क्रियाकलाप सम्बन्धमा सेवाग्राहीको धारणा मार्फत सेवा प्रवाहको विद्यमान अवस्था पहिचान गर्नु,

२. सेवाग्राहीबाट अध्ययनका क्रममा प्राप्त पृष्ठपोषण कार्यान्वयनका लागि सेवा प्रदायक निकायलाई थप जिम्मेवार र जवाफदेही बन्नका लागि दिशानिर्देश गर्नु ।

१.४ अनुसन्धान विधि :

यस सेवाग्राही सर्वेक्षण कार्य सम्पन्न गर्नको लागि मिश्रित अनुसन्धानात्मक (गुणात्मक र परिमाणात्मक) विधि अपनाईको थियो । गुणात्मक विधि अन्तर्गत सरोकारवालासँगको अन्तरवार्ता, सेवाग्राहीहरुसँगको समुहमा आधारित छलफल, दस्तावेज अध्ययन, मूख्य सुचनादाता अन्तरवार्ता गरिएको थियो । त्यसै गरी परिमाणात्मक अनुसन्धान प्रक्रिया अन्तरगत गाउँपालिकाले उपलब्ध गराएका विभिन्न सेवा लिएका सेवाग्राहीहरुसँग प्रत्यक्ष भेटेर खुल्ला प्रश्न विधिका आधारमा मुखामुख (प्रत्यक्ष) अन्तरवार्ता मार्फत सूचना तथा तथ्यांक संकलन गरि अध्ययन सम्पन्न गरिएको थियो । यस अध्ययनमा हामीले उत्तरगया गाउँपालिकाले विक्रम सम्वत् २०७९ मा भएको स्थानिय तहको दोस्रो निर्वाचन पछि आयोजना गरिएका विभिन्न प्रकारका सेवाग्राही लक्षित कार्यक्रमलाई समेट्ने प्रयास सहित अध्ययन गरिएको छ । जस अनुसार समग्रमा २४४ जनासँग विभिन्न विधि मार्फत तथ्यांक संकलन गरिएको थियो ।

- **सर्भेक्षण:** जो जसका लागि गाउँपालिकाले तालिम, अनुदान तथा सेवा प्रवाहका विभिन्न कार्यक्रम गरेको हो, उक्त कार्यक्रम मध्ये हरेक वडाबाट कम्तिमा २० जना र बढीमा ५५ जना पर्ने गरि २०४ जनासँग अन्तरवार्तामा आधारित सूचना संकलन गरिएको थियो । उक्त अन्तरवार्तामा सेवाग्राहीले गाउँपालिकाको सेवा र कार्यक्रम प्राप्त गर्नका लागि वडा वा गाउँपालिकामा जाँदा काम गर्न भएको गाह्रो सजिलो के कस्तो अवस्था छ भन्ने बारेमा निश्चित प्रश्नमा आधारित भएर जानकारी संकलन गरिएको थियो ।
- **दस्तावेज अध्ययन:** गाउँपालिकाले कार्यक्रम आयोजना गर्ने बेलामा राखेका, लक्ष्य, उदेश्य, परियोजना संचालन कार्यविधि, तालिमका क्रममा तयार पारेका प्रतिवेदनहरु तथा गाउँपालिकाको वेवसाईट, गाउँपालिकाको फेसबुक पेजलाई समेत अध्ययन गरिएको थियो । जसले हामीलाई निश्चित कार्यक्रममा समावेश भएका व्यक्तिहरुले उक्त लक्ष्य अनुसार सफलता हासिल गरे गरेनन् ? के के कारणले सेवाहरु प्राप्त गर्नमा सहज भयो ? के के

कारण गाउँपालिकाले प्रवाह गरेका सेवा पाप्त गर्नको लागि असहज भयो भनेर अध्ययन गर्न सहज बनाएका थिए ।

- **मुख्य सूचनादाता अन्तरवार्ता (KII):** तालिम वा कार्यक्रममा आयोजकको रुपमा काम गरेका गाउँपालिका प्रमुख तथा उपप्रमुख, वडा अध्यक्षहरु पाँच जना, वडा नम्बर चारका सचिव बाहेक तीन जना वडा सचिव, गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरु ६ जना, अपांगता भएका व्यक्तिहरुको संस्थाका नेता, तीन जना शिक्षक, सहकारीका कर्मचारी दुईजना गरी २२ जनासँग मुख्य सूचनादाता अन्तरवार्ता गरिएको थियो ।
- **समुह केन्द्रित छलफल (FGD):** भैंसी पालक महिलाहरुको सहकारीका सदस्यहरु, गलैंचा बुन्ने तालिम लिईरहेका महिलाहरु र चाईनिज भाषा पढिरहेका विद्यार्थीको बिचमा तीनवटा समुह केन्द्रित छलफल गरिएको थियो । जसमा १८ जना व्यक्तिहरुलाई समेटिएको थियो । उहाहरुले दिएको जानकारीको आधारमा अनुसन्धान प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ ।
- **घटना अध्ययन (Case Studies):** अन्तरवार्ता गर्ने क्रममा गाउँपालिकाले प्रवाह गरेका कार्यक्रममा सहभागि भई सफल रुपमा आफ्नो पेशा व्यवसाय अगाडी बढाएका व्यक्ति, व्यवसायिक बन्नका लागि हुने कठिनाई, ती कठिनाईसँग लड्न उहाँहरुले अपनाएको रणनीति र उहाँको जीवनमा आएका परिवर्तनलाई विश्लेषण गर्दै नमुना कथा तयार गरिएको छ । साथै गाउँपालिकामा रहेका पालिकाबासी भए पनि गाउँपालिकाले उपलब्ध गराएका सेवा सुविधा लिन नगएका वा पालिकामा जान नपरेका व्यक्तिलाई समेत समावेश गरि ६ जनाको कथा संकलन गरिएको छ ।
- **अवलोकन (Observation):** सर्भेक्षणको क्रममा अध्ययन समूहका सदस्यहरु प्रत्यक्ष रुपमा गाउँपालिकाका विभिन्न वडाहरुमा जाने क्रममा, बाटो हिड्ने क्रममा देखिएका, भोगिएका पक्षहरुलाई पनि यस अध्ययनका निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ ।

१.५ सर्वेक्षणका सीमाः

निम्न सीमाहरूको परिधिभित्र रही सेवाग्राही सन्तुष्टि सर्वेक्षण र विश्लेषण गरिएको छः

१. उत्तरदाताले दिएका उत्तरका आधारमा हामीले यो सर्वेक्षण प्रतिवेदन तयार गरेका छौँ। उहाँहरुले दिएका कुनै पनि उत्तर सत्य भएको वा नभएको भनेर हामीले पुन परिक्षण गरेका छैनौँ ।

२. गाउँपालिकाका सबै वडामा र सबै प्रकारका उत्तरदातालाई एकै प्रकृतिको प्रश्नावली प्रयोग गरिएको छ। गाउँपालिका स्थित विषयगत शाखाको कार्य प्रकृति फरक-फरक भएकाले नतिजालाई सामान्यीकरण नगरि सन्दर्भको आधारमा मात्रै बुझ्न सकिने छ।

४. सेवाग्राही सन्तुष्टि सर्वेक्षणका क्रममा २०४ सँग सर्भेक्षण विधि र १८ जनासँग समुह केन्द्रित विधि मार्फत जम्मा २२२ जना सेवाग्राहीसँग अन्तरवार्ता गरिएको थियो । जसले गर्दा सर्वेक्षणमा समावेश नगरिएका अन्य सेवाग्राहीसँग भएका महत्वपूर्ण सूचनालाई समेट्न सकिएको छैन ।

१.६ क्रियाकलापको कार्यसूचिः

प्रतिवेदन तयार गर्नका लागि हामीले तीन महिनाको समयावधि प्रस्ताव गरेका थियौँ । जसमा पहिलो महिना हामीले सरोकारवालाहरुसँगको छलफल, पूर्व साहित्यको समिक्षा जसमा गाउँपालिकाले गरेका कार्यक्रमको दस्तावेज अध्ययन, अनुसन्धान विधिको विकास, फिल्डको तयारी र तथ्यांक संकलन गरेका थियौँ। पूर्व सहित्यको समिक्षामा पालिकाले सेवाग्राहीलाई लक्षित गरेका विभिन्न कार्यक्रमको बारेमा सम्बन्धित शाखामा गएर छलफल गरेका थियौँ। परियोजनाको दोस्रो महिनामा हामीले सम्बन्धित भौगोलिक क्षेत्रमा गएर अध्ययनको ढाँचा अनुसार सेवाग्राहीहरुसँग प्रत्यक्ष भेटेर मुखामुख अन्तरवार्ता मार्फत सर्भेक्षण गरि तथ्यांक संकलन गरेका थियौँ। त्यसै गरि तेस्रो महिनामा तथ्यांक विष्लेषण र पहिलो चरणको मस्यौदा तयार गरेर प्रारम्भिक निष्कर्ष निकाल्दै छुट भएका क्षेत्रमा गएर अन्तरवार्ता मार्फत तथ्यांक संकलन गरी पूर्ण प्रतिवेदन तयार गरेर गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नका लागि पेश गरेका छौँ।

तालिका नम्बर १: क्रियाकलापको कार्यसूचि

क. स.	क्रियाकलाप	समय तालिका		
		बैशाख	जेठ	असार
१.	पूर्व साहित्यको समिक्षा, अनुसन्धान विधिको विकास, फिल्डको तयारी			
२.	तथ्यांक संकलन, तथ्यांक ब्यवस्थापन			
३.	विश्लेषण तथा प्रस्तुती			
४.	अन्तिम प्रतिवेदन पेश			

परिच्छेद दुईः उत्तरदाताको जनसांङ्खिक वितरण

अध्ययन समूहले यो अध्ययनका क्रममा सुचना संकलनमा मिश्रित विधिको प्रयोग गरेको थियो । त्यसमा २०४ जना उत्तरदातासँग लिइएको अन्तर्वातालाई सर्वेक्षणका मध्यमबाट तथ्यांक लाई परिमाणात्मक विधिको प्रयोग गरिएको छ । यसमा तथ्यांक लाई उदेश्य अनुसार राख्नका लागि तथ्यांकको तयारी गरिएको थियो । त्यसमा अध्ययन समूहले उदेश्य अनुसार आवश्यक सुचना मात्र यसमा समाबेस गरेको छ । प्राप्त तथ्यांकलाई विश्लेषण गर्न SPSS software (Statistial Package for the Social Science) को सहायता लिइएर तालिका, पाईचार्ट, ग्राफको रुपमा प्रस्तुत गरेको छ। त्यस बाहेक केहि विवरणात्मक तथ्यहरुलाई हामीले गुणात्मक बिधि मार्फत व्याख्या र बिश्लेषन गरि प्रतिवेदन तयार पारिएको छ । जस अनुसार पहिलो खण्डमा उत्तरदाताको जनसांङ्खिक वितरण र दोस्रो खण्डमा विषयगत रुपमा प्राप्त तथ्यांकको विश्लेषण गरिएको थियो । जस अनुसार सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा सहभागी सेवा प्रदायक तथा सेवाग्राहीहरूको विवरण, आफूले प्राप्त गरेको सेवाप्रति सेवाग्राहीको धारणालाई यो परिच्छेदमा तथ्याङ्क, चित्र, प्रतिशत आदि स्वरूपमा प्रस्तुत गरिएको छ ।

२.१ वडागत उत्तरदाताको जनसंख्या

सर्भेक्षण गर्ने क्रममा पालिकाका सबै वडालाई समेट्ने प्रयास गरिएको छ । जसमा वडा नम्बर पाँचका सबै भन्दा धेरै ५४ जनासँग अन्तरवार्ता गरिएको छ । त्यसै गरि वडा नम्बर दुई, चार र एकका क्रमश ४३ जना, ४२ जना र ४१ जनासँग र सबै भन्दा कम तिनमा २४ जना उत्तरदातासँग अन्तरवार्ता गरिएको थियो ।



वडा नम्बर	उत्तरदाता	प्रतिशतमा
१:००	४१	२०.१
२:००	४३	२१.१
३:००	२४	११.७
४:००	४२	२०.६
५:००	५४	२६.५
जम्मा	२०४	१००

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*

२.२ लिंगको आधारमा उत्तरदाताको वितरणमा

महिला ११३ जो ५५.३९ प्रतिशत र ९१ जना जो प्रतिशतमा हेर्दा ४



२.३ जातको आधारमा उत्तरदाताको विवरण



यस विवरणमा कुन कुन वडामा कुन कुन जातका उत्तरदातासँग तथ्यांकहरु संकलन गरिएको थियो भन्ने कुराको जानकारी यस टेवलले देखाउछ । जसमा वडा नम्बर एकमा तीन जना ब्रामण क्षेत्री समुदायका र ३८ जना जनजातीका उत्तरदातासँग अन्तरवार्ता गरिएको थियो । त्यसै गरि वडा नम्बर दुईमा सात जना ब्रामण क्षेत्री समुदायका, ३३ जना जनजाती समूदायका र तीन जना दलित समुदायका उत्तरदाताहरु रहेका थिए । वडा नम्बर ३ मा दश जना ब्रामण क्षेत्री समुदायका, १२ जना जनजाती समुदायका र २ जना दलित समुदायका ब्यक्तित्वहरुसँग अन्तरवार्ता गरि तथ्यांक संकलन गरिएको थियो । त्यसै गरि वडा नम्बर चारका सात जना ब्रामण क्षेत्री समुदायका, ३३ जना जनजाती समुदायका र दुई जना दलित समुदायका उत्तरदाता रहेका थिए । वडा नम्बर पाँचमा ३८ जना ब्रामण क्षेत्री समुदायका, १२ जना जनजाती समुदायका र चार जना दलित समुदायका उत्तरदाता रहेका थिए ।

जातको आधारमा उत्तरदाताको विवरण

जात	वडा					जम्मा
	१.००	२.००	३.००	४.००	५.००	
ब्राह्मण/क्षेत्री	३	७	१०	७	३८	६५
जनजाती	३८	३३	१२	३३	१२	१२८
दलित	०	३	२	२	४	११
जम्मा	४१	४३	२४	४२	५४	२०४

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*

२.४ पेशागत आधारमा महिला र पुरुष

पेशागत आधारमा कृषि, सेवा (सरकारी र नीजि क्षेत्रमा काम गरिहेको, सामाजिक कार्यकर्ता, व्यवसायी, गृहणी, मजदुर, बेरोजगार, र विद्यार्थी रहेका थिए ।



जसलाई पेशागत आधारमा उत्तरदाताको जनसंख्याको अवस्था निम्न अनुसार हेर्न सकिन्छ ।

	लिंग		
उत्तरदाताको पेशा	महिला	पुरुष	जम्मा
कृषि	५७	३२	८९
जागिर	८	२६	३४
समाजसेवा	४	१४	१८
ब्यापार ब्यवसाय	६	०	६
गृह ब्यवस्थापक	२१	२	२३
अन्य (बेरोजगार)	५	९	१४
मजदुर	०	३	३
विद्यार्थी	१२	५	१७
जम्मा	११३	९१	२०४

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*

२.५ उमेरको आधारमा उत्तरदाताको विवरण

हामीले उत्तरदाताहरुलाई उमेर गत हिसाबमा २५ बर्ष भन्दा कम, २५ बर्ष देखि ५० बर्ष सम्म र ५० बर्ष भन्दा माथि गरि तीन भागमा विभाजन गरेका छौ । उत्तरदातको उमेरको विवरणलाई सेवा लिन गाउँपालिका, वडा जाने र गाउँपालिकाले उपलब्ध गराएका विभिन्न ब्यवसाय मुलक क्रियाकलापमा भाग लिने ब्यक्तिहरु मुख्य त २५ वर्ष भन्दा माथि पचास वर्ष सम्मको रहेको कारण हामीले सबै वडामा गरेर १३८ जना युवालाई समेटेका छौं । त्यसै गरि बृद्ध भत्ता र उपचारको लिने सेवाग्राहीमा ५० भन्दा माथिको उमेर समुह रहने हुँदा उत्तरदाताको दोस्रो ठूलो जेष्ठ नागरिकको रहेको छ जो ४३ जना रहेका छन् । भने गरि सिपमुलक तालिम लिने र विद्यालय तह भन्दा माथिल्ला कक्षामा पढिरहेका विद्यार्थी, भर्खरै विवाहित महिला, पेशागत क्षेत्रमा लाग्दै गरेका युवाहरु उत्तरदाता २३ जना रहेका छन ।

उमेरको आधारमा उत्तरदाताको विवरण

वडा न.	-२५	२५-५०	५०+	जम्मा
१.००	३	३४	४	४१
२.००	११	२६	६	४३
३.००	४	११	९	२४
४.००	४	३०	८	४२
५.००	१	३७	१६	५४
जम्मा	२३	१३८	४३	२०४

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*



२.६ उत्तरदाताको वैवाहिक अवस्थाको विवरण

अध्ययनमा समावेश भएका उत्तरदाता मध्ये १७७ जना विवाहित, २० जना अविवाहित र सात जना एकल उत्तरदाता रहेका थिए ।

	उत्तरदाता संख्या	प्रतिशत
बिवाहित	१७७	८६.८
अबिवाहित	२०	९.
विधवा विदुर	७	३.४
जम्मा	२०४	१००.०



स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*

परिच्छेद तीनः तथ्यांकको विश्लेषण

अध्ययन समूहले सेवाग्राही सन्तुष्टि सर्भेक्षण गर्ने क्रममा सुचना संकलन गर्दा मिश्रित विधिको प्रयोग गरेको थियो । गाउँपालिकाले तोकेका विभिन्न क्षेत्रहरुमा केन्द्रीत भएर २०४ जना उत्तरदातासँग लिइएको अन्तर्वातालाई सर्वेक्षण मध्यमबाट तथ्यांकलाई परिमाणात्मक विधिको प्रयोग गरिएको छ। यसमा अध्ययन समूहले उदेश्य अनुसार आवश्यक सुचना मात्र यसमा समाबेस गरेको छ। यस खण्डमा पनि प्राप्त भएका तथ्यांकलाई विश्लेषण गर्न SPSS software (Statistial Package for the Social Science) को सहायता लिइएर तालिका, पाईचार्ट, ग्राफको रुपमा प्रस्तुत गरेको छ। त्यस बाहेक केहि विवरणात्मक तथ्यहरुलाई गुणात्मक बिधि मार्फत व्याख्या र बिश्लेषन गरि प्रतिवेदन तयार पारिएको छ। जसमा टेलिमेडिसिन सेवा, स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति सेवाग्राहीको अनुभव, उद्यमशिलता विकासका कार्यक्रमको अवस्था, पशुपालनमा गरिएको सहयोग, अनुदानमा आधारित कृषि कार्यक्रम, गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टिको अवस्था, विपद ब्यवस्थापन समितिबारे जानकारी र प्रभावकारिता, न्यायिक समिति र मेलमिलाप केन्द्र, वडा कार्यलय भवन बन्ने चरणमा रहेको विषयमा, चिनिया भाषाको कार्यक्रम, वडा बाहिरका शिक्षक तथा स्वास्थ्यकर्मिलाई प्रोत्साहन कार्यक्रमलाई केन्द्रमा राखिएको थियो ।

३.१ टेलिमेडिसिन सेवा

गाउँपालिकाले विकट क्षेत्रलाई लक्षित गरि टेलिमेडिसिन सेवा उपलब्ध गराउँदै आएको छ। यसरी गाउँपालिकाले उपलब्ध गराएको टेलिमेडिसिन सेवाको विषयमा गाउँपालिकामा रहेका सेवाग्राहीलाई जानकारी भए नभएको बारेमा हामीले पहिलो प्रश्न सोधेका थियौं । जसलाई उमेरगत आधारमा रहेर उनीहरुबाट आएका तथ्यांकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। जसमा ८९ जनालाई यस टेलिमेडिसिन सेवा गाउँपालिकामा भएको जानकारी छ । त्यसै गरि १०८ जना उत्तरदाताले

टेलिमेडिसिन सेवा गाउँपालिकामा छैन भनेका थिए भने, बाँकी सात जनाले गाउँपालिकामा त्यसप्रकारको सेवा भए नभएको बारेमा जानकारी नभएको बताएका थिए भने ।

उमेर	टेलिमेडिसिन सेवाको बारेमा जानकारी छ	छैन	थाहा छैन	जम्मा
२५ वर्ष सम्म	५	१७	१	२३
२५ देखि ५० वर्ष	६०	७३	५	१३८
५० वर्ष भन्दा माथि	२४	१	१	४३
जम्मा	८९	१०८	७	२०४

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*

टेलिमेडिसिन सेवा गाउँपालिकामा छ भन्ने जानकारी पाएका ८९ जना उत्तरदातालाई हामीले उक्त सेवाको प्रभावकारिताको विषयमा प्रश्न सोधेका थियौं ।

टेलिमेडिसिन प्राप्त गर्दा सेवाग्राहीको अनुभव

सेवाग्राहीको अनुभव	उत्तरदाता संख्या	उत्तरदाता प्रतिशतमा
कम खर्चिलो	५३	२६.०
उपचार प्रभावकारी भएको र उपचार पछि निको भएको	२७	१३.२
विज्ञ चिकित्सक गरेको काउन्सिलिङ प्रभावकारी भएको र विज्ञ चिकित्सकले भनेको औषधी स्वास्थ्य चौकीमा नभएको कारण औषधी लिन त्रिसुली बजार वा काठमाडौं जान परेका	९	४.४
जम्मा	८९	४३.६

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*

थाहा भएका ८९ जना मध्ये ५३ जनाले टेलिमेडिसिन सेवाले विकट गाउँहरुमा स्वास्थ्य सेवा लिँदा कम खर्चमा नै आफ्नै स्थानमा स्वास्थ्य सेवा प्राप्त गरेको बताएका थिए । त्यसै गरि उपचार प्रभावकारी भएको र उपचार पछि निको भएको बताएका थिए बताएका थिए । वडा नम्बर दुई, डाडाँगाउँकि फुलमाया देवकोटा भन्छिन्,

> हाम्रो गाउँ दुर्गम भएकाले यहाँ नजिक सेवासुविधा सम्पन्न हस्पिटल छैन् । त्यसैले पहिलो पटक हस्पिटल जानु परे गाउँकै स्वास्थ्य चौकी जान्छु । गाउँकै स्वास्थ्य चौकीले मेरो बाबुको टाउमा पानी जमेको छ भनेको थियो । टेलीमेडिसियन मार्फत डक्टरको सल्लाहमा औषधि र हेरचाहले मेरो बाबु ठिक भयो । यहिले मेरो बाबु २ वर्ष पाचँ महिनाको भयो । फुलमाया थप्छिन् हाम्रो गाउँबाट त्रिशुली जान बाटो राम्रो छैन, पैसा पनि निकै खर्च हुन्छ । यसरी गाउँमै बसेर उपचार पाउदा, समय र पैसा दुवै बचत भयो । टेलीमेडिसियन मलाई चै ठिक लाग्यो है । अब डक्टर सगैं कुरा गर्न पाए पछि यो विस्वासिलो पनि भयो नि (असार ६ गते गरिएको अन्तरवार्तामा आधारित) ।

अरु नौ जनाले आफ्नो भनाई डाक्टरसँग प्रत्यक्ष राख्न पाएको तर, विज्ञ चिकित्सक गरेको काउन्सिलिङ प्रभावकारी भएको र विज्ञ चिकित्सकले भनेको औषधी स्वास्थ्य चौकीमा नभएको कारण औषधी लिन त्रिसुली बजार वा काठमाडौं जान परेको बताएका थिए । औषधी पनि स्वास्थ्य चौकीमा नै पाउन सकेको भए अझै प्रभावकारी हुन्थ्यो भन्ने उनीहरुको आग्रह रहेको पाईयो ।

३.२ स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति सेवाग्राहीको अनुभव

स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति २०४ सेवाग्राही मध्ये १५२ जना अर्थात् ७४.५ प्रतिशत सेवाग्राहीले प्रभावकारी भएको बताएका थिए । त्यसै गरि ३८ जना अर्थात् १८.६ प्रतिशत उत्तरदाताले स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रभावकारी नभएको बताएका थिए । विषेश गरि पाठेघर जचाँउन गएका महिलाहरुले स्वास्थ्य शिविरको क्रममा गोपनियता नभएको र अलि सुरक्षित नभएको बताएका थिए । त्यसै गरि १४ जना उत्तरदताहरुले आफुँलाई त्यस प्रकारका सिविर वा क्लिनिकको बारेमा

जानकारी नभएको बताएका थिए । जानकारी नभएको बताउनेहरु २५ वर्ष भन्दा तलका युवाहरु रहेका थिए ।

स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति सेवाग्राहीको अनुभव

सेवाग्राहीको अनुभव	सेवाग्राहीको संख्या	सेवाग्राही
प्रभावकारी भएको	१५२	७४.५
प्रभावकारी नभएका	३८	१८.६
जानकारी नभएका	१४	६.९
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*



स्वास्थ्य शिविर तथा गाउँघर क्लिनिक सेवा प्रवाभकारी भएको पाईन्छ । पाठेघरको चेक गरेका महिलाहरु आफ्नो रोग रहेनछ भन्ने थाहा पाउँदा खुशी लागेको कुरा गर्वका साथ सुनाएका थिए । तर, पाठेघरको चेकजाँचका लागि भने महिलाहरुमा अझै पनि लज्जाको विषय रहेको हामीले अन्तरवार्ताका क्रममा थाहा पायौँ । केहि महिलामा बिरामी नपरि किन चेक गर्न जानु भन्ने सोच रहेको र केहिलाई भिडभाडमा चेक गर्न अफ्ठेरो लागेको बताएका थिए । उदाहरणको लागि हामीले अन्तरवार्ता गरेका लहरेपौवाका उत्तरदाता पातली राना मगर भन्छिन्, *"भर्खरै भएको निलकण्ठ माविमा भएको स्वास्थ्य सिविरमा बिरामीलाई चेक गर्ने क्रममा गोपनियता कायम गरिएको थिएन । स्वास्थ्य कर्मिले शिविरमा आएका स्वास्थ्यकर्मिले दुख्ने गरि चेक गरेका थिए । त्यसरी चेक गर्दा त हामीलाई पनि लाज हुन्छ ।"* तर, आँखा शिविर भने पूर्ण रुपमा प्रभावकारी भएको सर्भेक्षणको क्रममा पायौँ ।

३.३ उद्यमशिलता विकासका कार्यक्रमको अवस्था

उद्यमशिलता विकासका लागि उद्यम विकास शाखाले हरेक वर्ष विभिन्न प्रकारका उद्यम विकासका कार्यक्रम अन्तर्गत महिलालाई लक्षित गरेर तालिम (ढाका बुनाई, सिलाइकटाइ, बाँसका टोकरी बुन्ने, स्यानिटरी प्याड बनाउने, अचार बनाउने, मकैको खोस्टाबाट विभिन्न सामाग्री बनाउने तालिम, मखमलका जुत्ता बनाउने तालिम, गलैचा बुन्ने तालिम) को ब्यवस्था गर्दै आएको छ । तर, हामीले उत्तरदातालाई प्रत्यक्ष भेटेर यस प्रकारका तालिमहरुको उपयोगिता कस्तो छ भनेर सोध्दा १३८ उत्तरदाताले उक्त तालिमको उपयोग नभएको बताउनु भएको थियो । त्यसै गरी ६६ जनाले भने यस प्रकारको तालिमहरु तत्कालै उद्यम विकास गर्ने गरी आफुँमा आत्म विश्वास नआए पनि आवश्यक परेको खण्डमा गर्न सकिन्छ भन्ने लागेको बताएका थिए । कति महिलाहरुले उक्त तालिममा पाएको ज्ञानलाई आफ्नो दैनिकीमा भने उपयोग गरेको पाईयो । तर, अन्तरवार्ता गर्दा भने पहिला तालिम लिएका महिलाहरुले आफुँले लिएको तालिमको आधारमा उद्यमी बन्ने गरी आफ्नो क्रियाकलापलाई अगाडी बढाएको भने पाईएन । परेको खण्डमा गर्न त सकिन्छ, तर गरिहाल्ने अवस्था छैन भन्ने उत्तर पायौं ।

उद्यमशिलला विकासका लागि तालिम लिए पछि किन त्यसलाई निरन्तरता दिने गरि काम गर्नु भएन त भनेर हामीले तालिम लिएका महिलाहरुलाई सोधेका थियौं । उक्त प्रश्नको उत्तरमा मैलुङबाट शान्तिनगरमा रहेको बस्तीमा बसिरहेकि ३५ वर्षिया कान्छीमाया तमाङ भन्छिन:

> पोहोर साल सम्म हाम्रो परिवार खाल्डेमा बसेको थियो । त्यहाँ बस्दा सुरुमा मैले पेन्टिङको तालिम लिँए, त्यस पछि टोपी बुन्ने तालिम पनि लिएँ, मकैको खोस्टाको सामान बनाउने पनि तालिम लिएकि थिएँ । तर, ती कुनै पनि तालिम लिएको काम म गरिरहेकि छैन । घरमा तीन जना छोराछोरी र मजदुरी गर्ने श्रीमान हुनुहुन्छ । घर कै कामबाट मलाई फुर्सद नै मिल्दैन । खोस्टाको सामान बनाउन त मन थियो । यहाँ सामान बनाउन मिल्ने गरि राम्रो खोस्टाहरु पनि पाइदैन (जेठ गते शान्तीबजारमा गरिएको अन्तरवार्तामा आधारित) ।

कान्छि मायाको जस्तै वडा नम्बर एकका महिलालाई लक्षित गरेर सञ्चालन गरिएको गलैचा बुन्ने तालिममा रहेकि सहभागि सञ्चमाया तमाङले पनि यो भन्दा अगाडी सिलाई कटाईको तालिम र झोला बुन्ने तालिम पनि लिएकि थिईन । तर, उनले सिलाई कटाईको सिपलाई घरका लुगा सिलाउनको मात्रै प्रयोग गरेको बताएकि थिईन ।

उद्यमशिलता विकासका कार्यक्रमको अवस्था

तालिम पछिको प्रयोग	उत्तरदाता संख्या	उत्तरदाता प्रतिशतमा
सकारात्मक	६६	३२.४
नसकारात्मक	१३८	६७.६
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*



अर्को एक उत्तरदाताले नाम नखुलाउने सर्तमा भन्छिन्, *"सिलाइको तालिम लिएर पनि काम गर्न धेरै समस्याह छन् । गाउँमा बस्तिहरु पातलो छ । कपडा पनि रेडिमेट नै लगाउने गर्छन् । खासै कसैले सिलाउने गरेको छैन । गाउ भन्दा बाहिर गएर काम गर्न पारिवारिक समस्याहरु हुन्छन् । गाउँमा सिलाउदा छरछिमेकमा पैसा मग्न अप्ठ्यारो हुन्छ"* । त्यस्तै अचार बनाउने तालिम लिएका

उत्तरदाता भन्छिन्, “अचार बनाएर कहाँ लगेर बेच्नु ? भनेको बेलामा ब्यापार हुदैन । अचार बनाउने सिजनको समान जस्तै इस्कुश, मुला यहाँ १२ महिना पाइदैन । सिजनमा सबैले घर घरमा बनाउनु हुन्छ । गाउँमा अचारको ब्यापार हुन्न” । तर, बजारमा जान्छ, कसैले किनिदिने ग्यारेन्टी गरेमा भने उहाँहरुले अचार बनाएर फाईदा लिन सकिन्थ्यो होला भन्ने कुरा सोच्नु हुने रहेछ ।

गलैचा तालिममा सहभागीहरुमा भने अलिकति आशा रहेको देखिएको छ । त्यसो त गलैचा बुन्ने समाग्री गाउँपालिकाले दिएमा हामी घरमै बसेर गलैचा बनाएर बेच्न सकिन्छ भन्ने कुरा उनीहरुको छ ।

३.४ पशुपालनमा गरिएको सहयोग

गाउँपालिकाले पशुपालनलाई ब्यवसायिक बनाउनको लागि विकास गर्नको लागि ५३ वटा कृषि समूह बनाई गाईपालन, भैंसी पालन, र बाख्रा पालनलाई प्रोत्साहन गरिहेको छ । गाईपालक किसानको लागि गाई किन्न १५००० रुपयाँ र दुध संकलन केन्द्रमा दुध ल्याउने कृषकलाई प्रति लिटर पाँच रुपयाँ थप अनुदान दिने गरेको छ । त्यसै गरि भैंसी पालक किसानको लागि हेफरको सहकार्यमा महिला समूह भित्र नै भैंसी किन्न एक वर्ष सम्मका लागि ५० हजार बिना ब्याज ऋण उपलब्ध गराएको छ, भने बाख्रा पालन गर्न चाहने सहकारीका महिला सदस्यलाई पाठी दिने कार्यक्रम पनि गरिरहेको छ । साथसाथै पालिकाको कृषि पशुपक्षि विभागले गोठ सुधार कार्यक्रम, ब्याडे बोका कार्यक्रम, घाँसको विउ वितरण र पशु बिमा कार्यक्रम लागु गरेको छ ।

यस प्रकारको कार्यक्रम कत्तिको प्रभावकारी रहेको छ त भनेर सेवाग्राही किसानहरुलाई प्रश्न गर्दा, किसानहरुको आय आर्जनमा सहयोग भएको भन्ने उत्तर दिने उत्तरदात १८१ जना रहेका थिए भने २० जना उत्तरदाताले खासै प्रभावकारी छैन भन्ने उत्तर दिएका थिए । यो कार्यक्रम प्रभावकारी छैन भन्ने उत्तरदातहरु मध्ये धेरै जनासँग पहिला नै आफ्ना पशु धेरै भएको भन्ने अधिकांशको भनाई थियो भने । तीन जना युवाहरुले आफुलाई यस प्रकारको कार्यक्रमको जानकारी नभएको बताएका थिए ।

पशुपालनमा गरिएको सहयोग प्रति सेवाग्राहीको अनुभव

सेवाग्राहीको अनुभव	उत्तरदाता	प्रतिशतमा
प्रभावकारी छ	१८१	८८.७
प्रभावकारी छैन	२०	९.८
मलाई थाहा छैन	३	१.५
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*



स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*

पुनिमाया गुरुङ, भैंसी पालक किसान, ठूलोगाउँ

एक वर्ष अगाडी विक्रम सम्बत् २०८२ सालमा ठूलो गाउँकि पुनीमाया गुरुङले भैसी पाल्नको लागि गाउँपालिका मार्फत पचास हजार रुपयाँ सहयोग पाएर भैंसी पाल्न थालेकि थिईन । पालेको भैंसी ब्याए पछि घरमा खाने दुध बाहेक दैनि चारमाना उनले गाउँमा नै दुध बेच्न थालिन । घरमा खानको लागि राखिएको दुधबाट निस्केको घिउ पनि उनले बेला बेलामा बेच्ने गरिन । केहि महिनामा नै उनले पालिकाले दिएको पचासहजार दुध र घिउ बेचेरै जम्मा गर्न सकेकी थिईन । सहयोग लिएको सर्त अनुसार उनले २०८३ सालमा महिला समूहकि अर्कि सदस्य, जो भैंसी पाल्न इच्छुक छन् दिन पर्ने थियो । उनले समयमै समूहमा उक्त पैसा फिर्ता गर्न सकिन । अब उनको भैंसी आफ्नै भयो । यसरी महिला समूह मार्फत पालिकाले सहयोग गर्दा के फाईदा हुने रहेछ त ? भनेर प्रश्न गर्दा पुनीमाया भन्छिन्, "मेहनत त आफ्नो पनि पर्छ । मेहनत गरे अनुसार फाईदा पनि हुनेरहेछ । यो वर्ष हाम्रो समूहकि अर्कि साथीले पनि भैंसी लिने कुरा छ । आफैंले एकै पटक पैसा हालेर किन्न आँट नभएका महिलाहरुलाई यो कार्यक्रमले आँट दिने रहेछ" ।

महिला सहकारीका सदस्यहरुसँग छलफल गर्दा यस प्रकारको कार्यक्रम कृषिमा परम्परादेखि लागिरहेका किसानको लागि उपयुक्त भएको अध्ययनको क्रममा पाईयो । जसलाई अरु थप दुई कृषक महिलाले ब्यक्त गरेका अनुभवलाई समेत यहाँ थपिएको छ ।

देवकी आचार्य, दुध ब्यवसायी, बोगटी टोल

देवकी आचार्यका श्रीमान श्रीमतीले विक्रम सम्बत् २०७३ साल देखि नै भैंसी पाल्ने, भैंसीको दुध बेच्ने गर्दै आएका थिए । दुध बेच्न थाले पछि आफ्नै ठाउँमा दुध संकलन केन्द्रको ब्यवस्था भए पनि कति सहज हुन्थ्यो भन्ने उनका श्रीमान श्रीमतीलाई लागिरहन्थ्यो । आफ्नो घर नजिकै दुध संकलन केन्द्र खुल्ने थाहा पाए पछि देवकीले पहिलो दिन देखि नै दुध संकलन केन्द्रमा दुध पुराउन गएकि थिईन । दुध संकलन केन्द्रमा छिमेकीहरुले गाईको दुध धेरै आउने जानकारी त्यस माथि दुध संकलन केन्द्रमा दुध बेच्दा एक लिटरमा पाँच रुपयाँ गाउँ पालिकाले थप गरिदिए पछि उनलाई अर्को गाई किन्ने हौसला मिलेको थियो । जसको कारण गत वर्ष देवकीको घरमा अर्को गाई थपिएको छ । अहिले उनले दैनिक ११ देखि १५ लिटर दुध उनले दुध संकलन केन्द्रमा पुराउने गरेकि छन् । देवकी भन्छिन्, “गाई पाले पछि दुधको मात्रै ब्यापार भएको छैन । गएको वर्ष मात्रै दुईलाख रुपयाँ बराबरको आलु, अदुवा, तरकारी पनि बेचेकि थिएँ । त्यस माथि खेतबारीमा हाल्ने मल पनि गाई थपे पछि प्रसस्त भएको छ ।” घरमा भएको पाडो र बाखा बेचेर अर्को गाई किन्ने कि भनेर उनका श्रीमान श्रीमतीको बिचमा कुराकानी हुने गरेको छ ।

सबिना भण्डारी, पशुबिमाले लागाएको मलाम

सबिना भण्डारी ४४ वर्षकि भईन । एक ब्यस्त ग्रामिण कृषकका रुपमा उनले । खेतीपाती, नगदेबाली, बाखा, गाई, कुखुरा पाल्ने काम गरेकि छन् । उनले कृषि सहकारी मार्फत् बेसारको बिउ सहयोग लिएकि थिईन । गएको वर्ष मात्रै बेसार बेचेर मात्रै उनले २३ हजार रुपयाँ हात पारेकि थिईन, यो पटक महिला कृषि समूहबाट बाखाको पाठी उपहार पाएकि छन् । तर, उनलाई कृषकको रुपमा सबै भन्दा मन परेको पक्ष भने पशु बिमा योजना रहेको छ । सबिना भन्छिन्, *“तीन वर्ष अगाडी उनको गाई गोठमा नै मऱ्यो । गाई मरे पछि ७०००० हजार रुपयाँमा सात हजार काटेर ६३ हजार रुपयाँ पाएँ । त्यो पैसाले मैले अर्को गाई किन्नका लागि सजिलो भयो । गाउँघरमा कसैले गाई ल्याउँदा पनि म पशु बिमा गर्नुस् भनेर भन्छु र आफुँले पनि नयाँ गाई किन्ने वित्तिकै पशु बिमा गर्ने गरेकि छु”* ।

३.५ अनुदानमा आधारित कृषि कार्यक्रम

गाउँपालिकाबाट सञ्चालित अनुदानमा आधारित विभिन्न कार्यक्रमहरुको बारेमा प्रश्न गर्दा, ९५ जना अर्थात् ४६.६ प्रतिशत उत्तरदाताले यस कार्यक्रमले सहयोग पुगेको बताएका थिए। त्यसै गरी १०० जना अर्थात् ४९ प्रतिशत उत्तरदाताले यस प्रकारको कार्यक्रम प्रभावकारी नभएको भन्ने उत्तर दिएका थिए। त्यसै गरी नौ जना उत्तरदाताले यस प्रकारको सहयोगको बारेमा आफुँलाई जानकारी नभएको बताएका थिए । प्रभावकारी भएका कार्यक्रममा घासको बिउ, गोलभेंडाको टनेल फाइदाजनक भएको बताउनु भएको छ । तर, गत वर्ष गाउँपालिकाले अकबरे खुर्सानी सहयोग गरेकोमा चार नम्बर वडामा अन्तरवार्ता गाउँमा उत्पादन नै नभएको बताएका थिए भने तीन नम्बर र दुई नम्बरका किसानहरुले अकबरे खुर्सानी उत्पादन पनि भएको, तर, उत्पादित खुर्सानी पनि समयमा बिक्रि नभएको र बिक्रि भएको सामानको अन्तरवाता लिएको मिति सम्म पनि अघिल्लो वर्षको भुक्तानी कृषकले नपाएको गुनासो गरेका थिए। गाउँपालिकामा उतपादन बृद्धि गर्ने कार्यक्रम भन्दा पनि पालिकाले बजारीकरण गर्दिन सकेमा कृषिकहरु आफैं अगाडी बढ्ने बताउएका थिए। त्यो बाहेका अधुवा खेतीमा पनि समस्या बजार को नै रहेको बताउनु हुन्छ।

अनुदानमा आधारित कृषि कार्यक्रम

कार्यक्रमको प्रभावकारिता	उत्तरदातको संख्या	प्रतिशतमा
प्रभावकारिता	९५	४६.६
प्रभावकारिता	१००	४९
थाहा छैन	९	४.४
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*

गोलभेंडा खेति गर्नका लागि गाउँ पालिकाको सहयोग पाएर टनेल बनाएका कृषकले भने खेति पनि राम्रो भएको र बजार पनि सहजै पाउन सकेको बताएका थिए। तर, त्यसरी खेति गरेका किसानले

उक्त खेतिलाई भने निरन्तरता दिनेमा शंका रहेको बताउँछन् । वडा नम्बर पाँचकि ३३ वर्षिया रितामाया तमाङले गोलभेडा खेतिको तालिम लिएर गाउँ पालिकाको सहयोगमा दशवटा टनेलमा गोलभेंडा लगाएकि थिई । अहिले पनि उनको टनेलमा गोलभेडा छन् । तर, अब उनलाई गोलभेंडा भन्दा आफ्नै पसल चलाउँदैमा फुर्सद कम हुन थालेको कारण अर्को वर्ष गोलभेडा फेरि लगाउने कि नलगाउने भन्नेमा स्पष्ट छैनन् ।

ठूलो गाउँका किसानले दुई वर्ष अगाडी पालिकाको अनुदान सहयोगमा अदुवाको खेति गरेका थिए । अदुवाको उत्पादन पनि राम्रो भएको थियो । तर, गाउँमा उत्पादित अदुवाको मूल्य किसानले पाउन सकेनन् । जसको कारण बजारका पसल पसलमा गएर एक दश रुपया किलोको रुपमा सम्म बेच्न बाध्य भएको बताएका थिए । ठूलो गाउँको महिला सहकारीका सदस्यहरुले समूहिक छलफल गर्दा र डाँडा गाउँका किसान ब्यक्तिगत अन्तरवार्ताको क्रममा पनि अकबरे खुर्सानीको उत्पादन धेरै भएको, गाउँपालिकाले बेचिदिने भनेर संकलन गरेर त्रिशुली बजारसम्म लगेको, तर, उक्त खुर्सानीको मूल्य अहिले सम्म पनि आफ्नो हातमा नपरेको बताएका थिए ।

३.६ गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टिको अवस्था

गाउँपालिका र वडाहरुबाट प्रवाह हुने सेवा प्रति पालिकावासीको सकारात्कम प्रतिक्रिया सर्भेक्षणको क्रममा पायौँ । हामीले प्रश्न गरेका २०४ जना उत्तरदाता मध्ये १८६ जना उत्तरदाताले उत्तरगया गाँउपालिकाको र्कायलयका विभिन्न शाखा साथै पाँचै वटा वडा कार्यालयबाट प्रदान हुने सेवाहरु प्रति जनताको सकारात्मक अभिव्यक्ति पाइएको छ । सर्वसाधारण जनताले आवश्यक सेवा लिन जादा जस्तै सिफारिसहरु, पन्जिकरणका कामहरु बिना झन्झट सम्पन्न भएको बताएका छन् । कतिपय उत्तरदाताले वडा कार्यालयमा स्वयम् उपश्थित हुन नपर्ने कामहरु वडाका कर्मचारीले नै गरिदिने गरेको पनि बताएका थिए । विशेष गरि पालिका र वडामा रहेका कर्मचारीहरुले सेवा प्रवाहमा ढिलासुस्ती नगरी सेवा प्रवाह गरेको अनुसन्धानमा सहभागी उत्तरदाताले बताएका थिए । अधिकांश जेष्ठ नागरीकले वृद्ध भत्ता गाउँमै पाउदा खुशि भएको बताएका थिए ।

यी विभिन्न सकारात्मक पक्षका साथ साथै अन्तरवार्ता गरिएका १८ जना सहभागीले भने आफ्ना नागरिकता, विवाह दर्ता, र जन्मदर्ता गर्न मुस्किल भएको र आज सम्म पनि नपाएको गुनासो गरेका

थिए । लामो समय देखि स्थानीयबासी भएको तर आफ्नो नाममा जग्गा पनि नभएको र नागरिकता पाउन साक्षी बसिदिने मानिसहरु नभएर आज सम्म पनि नागरिकता जस्तो अति महत्वपुर्ण कागजात नभएर आफुले विभिन्न किसिमका झमेला र दुख भोग्नु परेको अनुभव सुनाएका थिए । गाउँपालीकाको विशेष गरी वडा नम्बर एकका वासिन्दाले भौगोलिक बिकटताले गर्दा समयमै सेवा पाउनमा समस्या भएको बताएका थिए भने ।

गाउँपालिकाले नियमित गर्ने सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टि

सेवा प्रवाह	उत्तरदाता संख्या	प्रतिशत
धैरै राम्रो	१८६	९१.२
गाह्रो छ	१८	८.८
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*



३.७ विपद व्यवस्थापन समितिबारे जानकारी

गाउँपालिका भित्र विपद व्यवस्थापन समिति छ भन्ने बारेमा हामीले प्रश्न गरेका उत्तरदाता मध्ये ११३ जनालाई उक्त विषयमा जानकारी नभएको बताएका थिए । उहाहरुको भनाईमा, *"भुकम्पको बेलामा विपद व्यवस्थापन गर्ने समिति थियो, तर अहिले उक्त समिति छ कि छैन भन्ने थाहा छैन"*

त्यसै गरी ७३ जनाले भने पालिकामा विपत व्यवस्थापन समिति भएको जानकारी छ भन्ने उत्तर दिएका थिए भने, १८ जना युवाहरुले विपत व्यवस्थापन समिति हुन्छ भन्ने सम्म थाहा नपाएको बताएका थिए । त्यसरी विपद व्यवस्थापन समिति हुन्छ भन्ने थाहा नभएका उत्तरदाता भर्खरै बिवाह भएर टाढाको जिल्लाबाट आएका युवतीहरु र बृद्ध बृद्धाहरु थिए ।

विपद व्यवस्थापन समितिबारे सेवाग्राहीमा जानकारी

जनकारीको अवस्था	उत्तरदाता	प्रतिशतमा
छ	७३	३५.८
छैन	११३	५५.४
थाहा छैन	१८	८.८
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्भेक्षण, २०८३*



३.८ विपद व्यवस्थापन समिति प्रति सेवाग्राहीको अनुभव

विपत व्यवस्थापन समिति छ भन्ने जानकारी भएका ७३ जना उत्तरदातालाई हामीले विपत व्यवस्थापन समिति कत्तिको प्रभावकारी रहेको छ भनेर थप प्रश्न गरेका थियौं । उक्त प्रश्नमा २४ जनाले विपद व्यवस्थापन समितिको आवश्यकता नै छैन भन्ने उत्तर दिएका थिए । त्यसै गरि ८ जनाले विपद व्यवस्थापन समिति त छ, तर, अहिले धेरै क्रियाशिल छैन भन्ने उत्तर दिएका थिए

भने, प्रभावकारी हो कि होईन भनेर कसरी नाप्ने भन्नेमा दुविधा हुने भनेर ३४ जनाले बताएका थिए । त्यस्तो दुविधाको बारेमा डाडागाउँकि ३८ वर्षिय गंगा पौडेल भन्छिन्, *“गत वर्ष हाम्रो घर तल घर भन्दा पनि ठूलो ढुंगा लस्किएको थियो । गाउँका हामी सबै कहिले राती राती पर पर सम्म गएर बस्यौं, कहिले जागै बस्यौ । अहिले त त्यो ढुंगा अडिएको छ । प्रहरी कार्यालय पनि त्यसको नजिकै छ । ढुंगा लड्यो भने त गाउँ नै पहिरोमा पर्छ त्यो समितिले वा प्रहरीले पनि के गर्ला त ?”*। त्यसै गरि सातजना उत्तरदाताले विपत व्यवस्थापन समिति क्रियासिल रहेको बताएका थिए ।

विपद व्यवस्थापन समिति प्रति सेवाग्राहीको अनुभव

विपद व्यवस्थापन प्रतिको धारणा	उत्तरदाता
जरुरी छैन	२४
जरुरी छ	८
आवश्यकतालाई कसरी मापन गर्ने	३८
सक्रियरहेको छ	७
जम्मा उत्तरदाता	७३



स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*

सिर्जना तमाङ, मैलुङ

हाम्रो यो गाउँ भुकम्पको पनि प्रभावित गाउँ हो, बाढीको पनि धेरै जोखिममा रहेको छ । बाढीले मेरा बाह्रवटा बाखा सहितको गोठ नै बगायो । गएको वर्ष घर माथिको पहाडबाट ठूला ठूला ढुंगाहरु गुल्टिए । मेरो घरको आधा भाग नै भत्काएर ढुंगा सुत्ने कोठामा खस्यो हामी घरबाट निस्केर भाग्न सकेको कारण बाँच्यौं । माथिल्लो घर भित्र अझै पनि ठूलो ढुंगा त्यहिँ छ । उनीहरु अहिले शान्तिबजार तिर बस्नु हुन्छ । पालिकाको हो कि सरकारको मान्छेहरु आएका थिए । घरको अवस्था हेरेर, “मान्छेलाई केहि भयो कि ?” भनेर सोधे । मान्छे मरेन भने पछि, “मान्छेलाई केहि नभएको भए छ ठिकै छ” भनेर गए । कसैले केहि सहायता गरेन । यो वर्ष पनि फेरि वर्षा लागिपछि ढुंगाले घर अठ्याँउला, आफैंलाई थिच्ला कि भनेर डर लाग्छ ।

३.९ न्यायिक समिति र मेलमिलाप केन्द्र

गाउँपालिकामा रहेको न्यायिक समिति र वडा वडामा रहेको मेलमिलाप केन्द्रलाई बल्लियो बनाउनको लागि पालिकाको तर्फबाट विभिन्न प्रयास भएको देखिन्छ । यस विषयमा अन्तरवार्ता गर्दा हामीले "तपाईको घर छिमेकमा कत्तिको झगडा पर्छ ?" भनेर सोधेका थियौं । जसमा हाम्रो घरमा वा छिमेकीसँग खासै झगडा पर्दैन वा अरुको घर भित्रैको झगडा त थाहा भएन, छिमेकीसँग झगडा त परेको छैन भनेर धेरै जनाले उत्तर दिएका थिए । दोस्रो प्रश्नमा यदि झगडा परिहालेमा कहाँ जाने भनेर प्रश्न गर्दा ११२ जनाले वडामा मेलमिलाप केन्द्रमा जाने बताएका थिए । त्यसै गरी ३९ जनाले झगडा परेमा प्रहरी कार्यलय जाने होला वा वडा अध्यक्षलाई भन्ने होला भनेर उत्तर दिएका थिए । बाँकी ५३ जनाले वडामा मेलमिलाप केन्द्र भए पनि झैझगडा पर्‍यो भन्दैमा मेलमिलाप केन्द्रमा गईहाल्न हुँदैन भन्ने धारणा राखेका थिए । वडा नम्बर तीन पहिरे गाउँकि हिरामाया तमाङ भन्छिन्, *"वडा वडामा मेलमिलाप केन्द्र छ भन्ने जानकारी छ । त्यहाँ निःशुल्क रुपमा झगडा मिलाईन्छ भन्ने पनि छ । तर, आफ्नो घर छिमेकको कुरा अरुलाई भनेर, सार्वजानिक बनाएर रमिता भए पछि पनि त्यहि घर परिवार र छिमेकमा बस्न पर्छ । मर्दा पर्दा तिनै मान्छे काम लाग्छ"* ।

पालिकावासी र सेवाग्राहीलाई न्यायिक समिति र मेलमिलाप केन्द्रको बारेमा जानकारीको अवस्था

जानकारी	उत्तरदाता	प्रतिशतमा
जानकारी छ	१२२	५४.९
जनकारी छैन	३९	१९.१
जानकारी भए पनि मेलमिलाप केन्द्रमा जाने गरेको छैन	५३	२६.०
जम्मा	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*

३.१० गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रम

गाउँपालिकाले गाई भैंसीमा देखिने बाँझोपन परिक्षण तथा निवारण प्रति हामीले उत्तरदातालाई गाई भैंसीमा हुने बाँझोपनको परिक्षण हुन्छ भन्ने तपाईलाई जानकारी छ ? भनेर पहिलो प्रश्न गरेका थियौं । समग्र उत्तरदातासँगमा सोधिएका उत्तरदाता मध्ये ४९.५ प्रतिशत उत्तरदाताले उक्त विषयमा आफुलाई थाहा भएको बताएका थिए । त्यसै गरि ५०.५ प्रतिशत उत्तरदाताले उक्त विषयमा जानकारी नभएको बताएका थिए । धेरै उत्तरदातालाई जानकारी नभएको कारण चाहि उहाँहरु सबै जना गाई पशुपालक नभएको कारण पनि जानकारी नभएको बताएका थिए भने । पशुपालक नभए पनि छिमेकको गाई वा भैंसीको बाँझोपन परिक्षण गरेको देखेको कारण त्यसबारेमा जानकारी भएको पनि बताएका थिए । तर, पशुपालक किसानलाई भने गाई भैंसीमा बाँझोपन भएमा उपचार हुन्छ भन्ने जानकारी भएको सर्भेक्षणको क्रममा पाईएको थियो ।

गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रम

जनकारीको अवस्था	उत्तरदाता संख्या	उत्तरदाता प्रतिशतमा
थाहा छ	१०१	४९.५
थाहा छैन	१०३	५०.५
जम्मा उत्तरदाता	२०४	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*



३.११ गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रम

गाई भैंसीमा देखिने बाँझोपन परिक्षणको बारेमा जानकारी भएका उत्तरदातालाई हामीले थप प्रश्न गरेका थियौं, यस प्रकारको सेवा कत्तिको प्रभावकारी हुने रहेछ भने । जानकारी भएका १०१ उत्तरदाता मध्ये ९० जनाले उक्त परिक्षण प्रभावकारी भएको बताएका थिए । उदाहरणको लागि वडा नम्बर चारका कृषक लिला न्यौपाने भन्छन्, "मेरो भैंसीलाई त होईन, छिमेकीको भैंसीको परिक्षण भएको थियो । मानिसको परिक्षण गरे जस्तै परिक्षण हुने रहेछ । उपचार पनि हुने रहेछ" । त्यसै गरि थाहा भएका ३ जना उत्तरदाताले उक्त परिक्षण प्रभावकारी नहुने बताएका थिए । भने ८ जना उत्तरदाताले अहिले तत्कालै परिक्षण भए पनि पछि कुनै समस्या हुने हो कि भन्ने डर रहेको बताएका थिए ।

गाई भैंसीको बाँझोपन परिक्षण तथा निवारण कार्यक्रमको प्रभावकारिता

प्रभावकारिता	उत्तरदाता	प्रतिशत
प्रभावकारी भएको	९०	८९.१
प्रभावकारी नभएको	३	३
पछि समस्या हुने हो कि	८	७.९
जम्मा	१०१	१००.०

स्रोत : *फिल्ड सर्वेक्षण, २०८३*



३.१२ वडा कार्यलय भवन बन्ने चरणमा रहेको विषयमा

उत्तरगया गाउपालिकाको विभाजित पाँच वटा वडा कार्यालयहरुको भौतिक संरचना निर्माणको बारेमा स्थानिय पालिकावासीको धारणा क्षेत्र अनुसार फरक फरक रहेको छ। वडा नम्बर दुई, तिन र पाँचका वडा कार्यालय भवन निर्माण सम्पन्न भइसकेको छ। त्यसैगरी वडा नम्बर एक र चारका कार्यलय निर्माणाधिन अवस्थामा रहेको देखिन्छ । सम्पन्न भइसकेका वडा कार्यालयहरुमा उक्त कार्यालयबाट नै सेवा प्रबाह भैरहेको छ। साथै निर्माणाधिन भवनहरुको पनि काम करिब अन्तिम चरणमा पुग्न लागेको अवलोकनका क्रममा देखिएको छ । स्थानिय व्यक्तिहरुको भनाइ अनुसार आउने एक वर्ष भित्रमा सबै पाँच वटै वार्ड कार्यालयहरु सरकारको मापदण्ड अनुसार सम्पन्न भइ जनतालाई आफ्नै कार्यालयबाट सेवा दिन सक्ने बताउनु हुन्छ। किन निर्माण ढिला भैरहेको भन्ने सन्दर्भमा वाड अधक्ष्य बताउनुहुन्छ, *"सबै भन्दा पहिला मापदण्ड अनुसार चाहिने जमिन पाउन नै गाह्रो भएकाले गर्दा पनि केहि वडा भवनहरुमा निर्माणमा ढिला भयो"* । साथै भवन निर्माणका लागि एकै पटक आवश्यक रकम अपुग हुने भएकोले फरक फरक समयमा बनाउनु पर्ने भएको बताउनु हुन्छ ।

गाउँपालिकाहरुको वडा कार्यालयको बारेमा कुरा गर्दा एक नम्बर वडाका वासिन्दाले अलिकति गुनासो राख्नु भएको पाइन्छ। गुनासो के छ भन्ने सन्दर्भमा वडा कार्यालय मैलुंगमा निर्माण भैरहेको छ अब बिस्तारै मैलुंग मै सर्छ त्यो भएपछि वडा नम्बर एकका बासिन्दा खाल्डे, बोगटीटारका साथै नुवाकोटका विभिन्न स्थानमा बसोबास गर्छन्। त्यसकारण सेवा लिनलाई कठिनाइ हुने रहेछ भन्ने उतारदाताहरुको भनाइ रहेको छ । उहाँहरु भन्नुहुन्छ, *"अहिले भएको स्थानबाट सेवा दिँदा पहिलो कुरा सम्पर्क कार्यालय नै वडा नम्बर पाँचमा छ । त्यहाँ राखिराख्ने कुरा भएन त्यसकारण जुन क्षेत्रमा वडा भवन बनाए पनि हाम्रो वडाको भौगोलिक बनावट र छरिएर बसेका वासिन्दाका कारणले कसै न कसैलाई टाढा, असहज हुने समस्या देखिन्छ"* ।

३.१३ चिनिया भाषाको कार्यक्रम

गाउँपालिकाले लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा चिनियाँ भाषाको स्नातक कार्यक्रम सञ्चालन गरे पछि उक्त कार्यक्रमको विषयमा सम्वन्धित विषय पढिरहेका विद्यार्थीहरुसँग समूहमा आधारित छलफल गरेको थियो । त्यसै गरी, मुख्य सुचनादाताको रुपमा निलकण्ठ उच्च माविका प्राचार्य र गाउँपालिकाका शिक्षा शाखाका प्रमुखसँग अन्तरवार्ता गरिएको थियो । चिनिया भाषामा आधारित स्नातक तहको कार्यक्रममा सहभागी भएका आठ जना विद्यार्थीहरुको समूहमा दुई जना पुरुष र छ जना महिला विद्यार्थीहरुको सहभागिता रहेको थियो । सहभागीले रसुवा जिल्ला चिनसँग सिमाना जोडिएका कारण भोलिका दिनमा चिनिया भाषा जान्दा ब्यापार व्यवसाय गर्नलाई सहज हुने कुरामा बिश्वस्त रहेको बताउछन् । त्यसै गरि चिनसँगको ब्यापार ब्यवसाय बढ्दै जाँदा आफुँले भाषा सिकिसके पछि अरुलाई पनि भाषा सिकाउन सक्ने अवसरहरु भविष्यमा उपलब्ध होला भन्ने सहभागीहरु लागेको बताउँछन् ।

त्यसै गरी विद्यार्थीहरुका बिचमा यहि स्नातक तहका केहि सेमेस्टर चिनमा गएर पढ्न पाईन्छ भन्ने कुराले पनि पढ्नको लागि आफुलाई तानेको बताउँछन् । तर, भाषा कक्षा राम्रो र महत्वपूर्ण हुँदा हुँदै पनि छिट्टै कक्षा सकिएको र प्राध्यापक पनि बेलाबेलामा परिवर्तन हुँदा अन्य ठाउँमा पढरहेका विद्यार्थीहरु अर्को सेमेस्टर पढ्न थालिसक्दा पनि आफुँहरु अगाडी बढ्न नपाएको विद्यार्थीको गुनासो रहेको थियो । एकै समयमा धेरै वटा भाषाहरु जस्तै पाली, अग्रेजी, संस्कृत र चिनिया सिक्नु परेकाले सिकाइमा केहिँ ढिला सुस्ती भएको र भाषाको पढाई भएको कारण अनलाइन कक्षा प्रभावकारी नभएको बताउछन् । सहभागि भन्छन्, “अनलाइन कक्षा संचालन हुँदा साथीहरुसँग उक्त भाषा बोल्न सिक्ने अवसर नहुने हुँदा भौतिक कक्षा संचालन हुँदा हामीले धेरै सिक्थ्यौ” । केहि कमजोरीका बावजुद, रसुवा जिल्लाका लागि चिनिया भाषा महत्पूर्ण भएको कारण पालिकाले संचालन गरेको यो कार्यक्रममा सहभागी हुन व्यक्तिहरु उत्साहित र लालाहित भएको सहभागी सबैको भनाइ रहेको छ । साथै गाउँपालिकाले आगामी दिनहरुमा यो कार्यक्रमलाई निरन्तरता दिन सक्दा प्राध्यापकहरु पालिकामा नै बस्ने वातावरण हुने, चिनिया भाषा पढेका अरु साथीहरु धेरै हुँदा आफ्नो भाषिक क्षमताा पनि सुधारहुने विद्यार्थीहरुको अपेक्षा रहेको बताएका थिए ।

३.१४ वडा बाहिरका शिक्षक तथा स्वास्थ्यकर्मिलाई प्रोत्साहन कार्यक्रम

गाउँपालीकाले सञ्चालन गरेको दुर्गम क्षेत्रमा रहेर काम गर्ने शिक्षक र स्वास्थ्यकर्मिलाई प्रोत्साहन कार्यक्रममा उत्तरगया गाउँपालीकाको वडा नम्बर एकमा रहेको मैलुङ स्वास्थ्य चौकी, र तिरुमा रहेको सामुदायिक स्वास्थ्य एकाइका साथै आधारभुत विद्यालयका शिक्षकलाई यो कार्यक्रम लक्षित गरिएको पाइएको छ । कार्यक्रमको ढाचाँ अनुसार सम्बन्धित वडा भन्दा बाहिरबाट आई कार्यरत स्वास्थ्यकर्मिहरुलाई जनहि मासिक दुई हजार रुपयाँ र क्वाटरको व्यवस्था गरिएको छ । शिक्षकको हकमा भने मासिक चार हजार रुपयाँ दिने व्यवस्था गरेको छ । उक्त सेवा लिने कर्मचारी र शिक्षकको भनाई अनुसार, "यो रकमले सहयोग त भएको छ । तर, अरु ठाउँमा भन्दा दैनिक खर्च गर्न पर्ने आवश्यक सामाग्री महँगो हुन्छ । उदाहरणको लागि वेत्रावतिमा सय रुपैया पर्ने कुनै वस्तु तिरु आइपुग्दा १३० देखि १४० रुपैया सम्म पर्न आउछ । त्यसैले गाउँपालीकाले गरेको कार्यक्रमले सहयोग त पुगेको छ । तर, पर्याप्त छैन् ।

अनुसन्धानकर्ताको अवलोकनमा पाईएका केहि पक्षहरु

- सामाजिक शाखा र उद्यम विकास शाखाबाट गरिएका महिला लक्षित कार्यक्रमहरु उस्तै उस्तै रहेको कारण यी दुई विभागको बिचमा सहकार्यको खाँचो रहेको ।
- घर परिवार भित्र बृद्धबृद्धाले नसकि नसकि भए पनि काम गरिदिओस् भन्ने अपेक्षा परिवारले राख्ने गरेको । सानो उमेरका किशोरीहरु टाढाका जिल्लाबाट भागेर २० वर्ष भन्दा अगाडी नै बिवाह गरी आउने गरेको ।
- एकल महिला र दलित समुदायका ब्यक्ति तथा अपांगता भएका ब्यक्तिहरुले पालिकाले उपलब्ध गराउने अनुदानको विषयमा आफुँले जानकारी नपाएको बताएका थिए ।
- न्यायिक समिति र मेलमिलाप केन्द्रको बारेमा प्रश्न गर्दा अधिकांश उत्तरदाताले हाम्रो समाजमा झगडा नै पर्दैन भन्ने उत्तर दिएका थिए । यस उत्तरले हामीलाई सोच्न बाध्य के बनायो भने, यो ठाउँमा साच्चिकै झगडा पर्दैन ? वा उत्तरदाताले हामीलाई जे मन लाग्यो त्यहि उत्तर दिए अर्थात् विश्वास गरेनन् ? कि यो ठाउँमा झगडा भनेको परिरहने सामान्य घटना हो ?

परिच्छेद चारः निष्कर्ष

यस परिच्छेदमा अध्ययनका क्रममा आएका तथ्यका आधारमा गाउँपालिकाले आफ्ना पालिकानिवासीहरुका लागि उपलब्ध गराएका सेवा सुविधाहरुका सबल, कमजोरीका पक्ष, काम गर्दा गर्दै पनि सफल हुन नसकेका कारण थपिएका चुनौती तथा सुधारात्मक कदमका लागि सुझावका पक्षहरूहरु समावेश गरिएको छ। यस निष्कर्षलाई सकेसम्म निष्पक्ष रुपमा सर्भेक्षणका क्रममा प्राप्त उत्तरको आधारमा बनाईएको हो। कतिपय सवालहरु उत्तरदाताले तपाईको प्रतिवेदनमा यो विषय पनि समेटिदिनु है भनेर दिएका सल्लाहलाई जस्ताको तस्तै राखिएको छ। त्यसै गरि कतिपय पक्षहरु हामीले सर्भेक्षण गर्ने क्रममा यस्तो गर्न कमजोरी भएछ, यस प्रकारको चुनौती रहेछ, वा यो व्यवस्था भए राम्रो हुन्थ्यो भन्ने विश्लेषणको आधारमा पनि तयार गरेका छौँ।

४.१ सबल पक्ष :

सेवाग्राही सन्तुष्टि सर्वेक्षणबाट प्राप्त सूचनाको विश्लेषणको आधारमा उत्तरगया गाउँपालिका र वडा कार्यालयहरूले अवलम्बन गरेका सकारात्मक प्रयासहरू निम्नबमोजिम देखिन्छ।

- गाउँपालिका तथा वडाबाट प्रवाह हुने सेवा लिनको लागि पालिकानिवासीलाई पालिका कार्यलयमा अनिवार्य नभएका खण्डमा घरबाट नै सेवा प्राप्त भएको र पालिकामा जाँदा पालिकाका कर्मचारीले छिटो छरितो गरि काम सम्पन्न गराईदिने गरेको।
- सेवाग्राहीहरूमा सेवाप्रति अधिकारमुखी धारणाको विकास हँदै गएको।
- सहकारी मार्फत सामूहिक धारणाको विकास भएको।
- सेवाग्राहीमैत्री व्यवहारलाई पालिकाका कर्मचारीले आत्मसात गर्ने प्रयास शुरु भएको, सेवा प्रवाहको अवस्था र सेवाग्राहीको धारणा बुझ्नका लागि नागरिक सन्तुष्टि सर्वेक्षणको थालनी भएको।
- शिक्षकहरुलाई उत्प्ररित गर्नका लागि पालिका बाहिरका शिक्षकका लागि पालिकाले गरेको थप अनुदानले राहत भएको। र, पालिकामा रहेका विद्यालयका शिक्षक शिक्षिकाले आफ्नो काम कर्तब्यनिष्ठ भएर गर्ने गरेको।
- स्थानिय सामुदायिक स्वास्थ्य इकाईका स्वास्थ्यकर्मिहरुले नियमित र घरघरमा नै पुगेर स्वास्थ्य सेवा दिने गरेको कारण सामान्य स्वास्थ्य सेवामा पालिकानिवासीको पहुँचको स्थापित भएको, विभिन्न शिविर मार्फत आम पालिका निवासीको मन जित्न सफल भएको।
- पालिकाका तीन स्वास्थ्य चौकी लहरे स्वास्थ्य चौकी, कर्मिडाडा, ठूलागाउँ स्वास्थ्य चौकी, डाडागाउँ स्वास्थ्य चौकीबाट टेलिमेडिसिन सेवा मार्फत गाउँमा नै विज्ञ चिकित्सकको

परामर्श सेवा उपलब्ध भएको । विज्ञ चिकित्सकले गरेको काउन्सेलिङले बिरामी र बिरामीका परिवारलाई भरोसा दिलाउन सफल भएको ।

- स्थानिय तहमा भएका झैझगडालाई मेलमिलाप केन्द्रमा सहज रुपमा बिवाद मिलाउँदा पालिकानिवासीलाई न्यायमा पहुँच स्थापित भएको ।
- पशु बिमा कार्यक्रमको व्यवस्था भएको कारण कृषकहरुमा पशुपालनमा रुचि बृद्धि भएको ।
- सहकार्यमा आधारीत गाई, भैसी र बाखा पालनले विपन्न वर्गलाई राहत मिलेको ।
- पालिकामा दुध संकलन केन्द्रको व्यवस्था र गाउँपालिकाले प्रतिलिटर पाँच रुपैयाँ थप अनुदान दिने व्यवस्थाबाट गाईपालक कृषकहरु थप लाभान्वित भएको ।
- बिउ बोका, खोर सुधार र पाठी पालनमा गाउँपालिकाले गरिदिएको व्यवस्थाले कृषकहरुलाई बाखा पालनमा रुचि जगाएको ।
- वडा नम्बर दुई र तीनमा निर्माण गरिएको गोरेटोबाटो पर्यटकलाई लोभ्याउने गरि निर्माण गरिएको ।

४.२. कमजोरीका पक्ष

- वडा नम्बर पाँचमा रहेको खाल्डेमा बस्ती अझै पनि बाढीको जोखिममा रहेको साथै मैलुङ बजारको बस्ती बाढी र पहिरो दुवैको जोखिममा रहेका कारण त्यहाँका बासिन्दामा त्रासको अवस्था रहेको ।
- गाउँपालिकाका अधिकांश वस्तीमा जानका लागि सार्वजानिक यातायातको व्यवस्था पनि कमजोर रहेको छ, साथै सडक सञ्जाल पनि सहज नभएको ।
- हरेक वर्ष वर्षाको समयमा वडा नम्बर दुईमा रहेको प्रशिद्ध भाँगे झरनामा दैनिक सयौँको संख्यामा पर्यटक आउँनुहुन्छ । उक्त क्षेत्रलाई लक्षित गरेर शौचालय, लुगाफेर्ने ठाउँ र फोहोर व्यवस्थापनको लागि उचित व्यवस्था भएको छैन ।
- गाउँमा बैंक तथा एटिमको व्यवस्था नहुँदा, फोन मार्फत गर्न नसक्ने व्यक्तिको लागि पैसाको जरुरी पर्दा गाउँ छोडेर पैसा लिन जान पर्ने अवस्था छ ।

४.३. चुनौतीका पक्षहरु

- गाउँपालिका सहयोग र विद्यालयका शिक्षकहरुको मेहनतका बावजुद बढ्दो बसाईसराईका कारण विद्यालयहरुमा विद्यार्थीको संख्या घट्दै गएको छ ।

- महिला स्वास्थ्य अझै पनि लज्जाको विषय रहेको कारण, महिला स्वास्थ्य सिविरका बारेमा जानकारी भएर पनि केहि उत्तरदाता महिलाहरुले नजाने गरेको बताएका छन्। साथै महिला स्वास्थ्य शिविरमा गोपनियता कायम हुन्छ भन्ने बारेमा पनि उनीहरुमा शंका रहेको।
- महिला सशक्तिकरणका लागि गठन गरिएका महिला सहकारीबाट सदस्यहरु क्रमशः छिन्नभिन्न हुँदै गएको कारण उनिहरुका लागि लक्षित गरिएका कार्यक्रमको बारेमा जानकारी कमजोर बन्दै गएको।
- घर परिवार भित्र रहेको कार्यबोझका कारण महिला सशक्तिकरणका लागि उद्यमशिलता विभाग र सामाजिक विभागबाट गरिएका तालिममा सहभागि भएका महिलाहरुले तालिम लिए पश्चात उद्यमशिलता विकासका लागि काम गर्ने समय व्यवस्थापन गर्न नसकेको।
- पालिकाका अधिकांश भाग भिरालो बनोटमा भएको र सिचाईको अभावमा खेतिपाति र विकासेघाँसहरु मर्ने समस्या रहेको।
- अत्याधिक बाँदरका कारण कृषकलाई आफ्नो खेतिपाती जोगाउन समस्या परिरहेको।
- गाउँ तहमा भएका झगडामा झगडाका पक्षधरहरुले मेलमिलाप केन्द्र भन्दा वडा अध्यक्षको खोजि गर्ने।
- अनुदानमा आधारित नगदे वाली बेसार, अदुवा, डल्ले खुर्सानी, गोलभेंडाले बजार नभएको र बजारमा लैजाँदा पनि बजारभाउ नपाएको।
- दुग्ध विकास संस्थानले समयमा दुधको भुक्तानी नगरिदिँदा, दुध संकलन गरिने कालिका सहकारीले आन्तरिक व्यवस्थाबाट किसानलाई भुक्तानी गरिरहेको अवस्था।
- वडा नम्बर एकका विभिन्न भेगका बासिन्दा बिचमा एकअर्का प्रति प्रतिद्वन्द्धी जस्तो भावना भएको कारण अर्कोले धेरै सेवा पाए, आफुँले कम पाएको भन्ने सोच विकास भएको।
- गाउँपालिकाका पदाधिकारी बेलाबेलामा गाउँमा आफ्नो अवस्था आईदिए हुन्थ्यो भन्ने अपक्षा रहेको।
- सरकारले आईतबार विदाको घोषणा गरेको भए पनि आईतबारको दिन पाठ्यक्रम बाहिरका क्रियाकलापका लागि छुट्याई दिए हुन्थ्यो भन्ने विद्यार्थीको अपेक्षा।

४.४ सर्वेक्षणका आधारमा दिईएका सुझाबहरु

- वडा नम्बर पाँचमा रहेको खाल्डेमा बस्ती र वडा नम्बर एकमा रहेको मैलुङ बस्तीको बिकल्प सोच्न पर्ने।

- गाउँपालिकाका अधिकांश वस्तीमा जानका लागि सार्वजानिक यातायातको ब्यवस्था गर्न पर्ने र सडक निर्माणमा जोड दिन पर्ने ।
- भाँगे झरना क्षेत्रलाई लक्षित गरि शौचालय, लुगाफेर्ने ठाउँ र फोहोर ब्यवस्थापनको लागि उचित ब्यवस्था गर्न पर्ने ।
- हरेक वडामा सकेसम्म बैंक र बैंक नभए पनि कम्तिमा एउटा एउटा एटिम मेसिनको ब्यवस्था गर्न पर्ने ।
- बढ्दो बसाईसराईलाई रोक्नको लागि विकल्पहरुको निर्माण गर्न पर्ने ।
- चिनसँगको अन्तरदेशिय ब्यवसायलाई मध्येनजर गर्दै चिनिया भाषाको पढाईलाई निरन्तरता दिन पर्ने । प्राध्यापकहरुलाई नियमित रुपमा भौतिक रुपमानै उपश्थित हुन पर्ने ।
- महिला स्वास्थ्य लज्जाको विषय नबनाउन र महिला स्वास्थ्य शिविरमा गोपनियता हुन्छ भनेर पालिकावासीलाई विश्वास दिलाउन पर्ने ।
- महिला सशक्तिकरणका लागि गठन गरिएका महिला सहकारीबाट निस्कने क्रमलाई रोक्न पर्ने ।
- महिला सशक्तिकरणका लागि उद्यमशिलता विकास गर्न प्रयाप्त बजेटको ब्यवस्था र घर परिवार भित्र रहेको कार्यबोझका कम गर्नको लागि पुरुषहरुको जनचेतनालाई ध्यान दिनु पर्ने ।
- अनुदानमा आधारित उत्पादनलाई बजारी करण गर्नको लागि गाउँपालिकाले कोशेलीघर सञ्चालन गर्न पर्ने ।
- गाउँपालिकामा सिचाईको अभाव अन्त्य गर्नको लागि सम्भावनाको खोजि र कार्यान्वयन गर्न पर्ने ।
- कृषिमा बाँदरका नियन्त्रणका लागि आवश्यक कदम चालिनु पर्ने ।
- मेलमिलाप केन्द्रलाई बल्लियो बनाउनका लागि वडा अध्यक्षहरुले झगडा मिलाउने काम मेरो होईन भनेर आफ्नो कामलाई सिमा बनाउन पर्ने ।
- पालिकाका गाउँहरुमा बालबिवाह अझै समस्याको रुपमा रहेको हुँदा, २० वर्ष भन्दा कम उमेरका किशोर किशोरीकोको बिवाहमा पालिकाका पदाधिकारी जान नमिल्ने नैतिक दायरा तोक्न पर्ने ।
- पालिकामा उत्पादित सामाग्रीलाई गाउँपालिकाले ब्रान्डिङको ब्यवस्था गर्न पर्ने ।
- दुध उत्पादक किसानको लागि दिईएको प्रतिलिटर पाँच रुपयाँ अनुदानलाई निरन्तरता दिने र दुग्ध जन्य सामाग्रीमा विविधता विकास गर्ने ।

परिच्छेद पाँचः अनुशूचि

अनुसूचि एकः अध्ययनको क्रममा खिचिएका तस्विरहरु

१.वडा नम्बर चारको मनिगाउँ जाने बाटो

२. वडा नम्बर पाँचमा रहेको दुध संकलन केन्द्र

३. वडा नम्बर दुई बाख्राको खोर सुधार कार्यक्रम अन्तर्गत बनाईएको बाख्राको खोर

४. वडा नम्बर दुईमा रहेको मौरी पालक किसानको घरमा मौरीको घार

५.वडा नम्बर चारमा पूर्व जनप्रतिनिधि श्रीमाया थिङ

६.वडा नम्बर दुई स्थीत ठूलो गाउँको मिलिजुली महिला सहकारीका सदस्यहरुसँग समूह केन्द्रित छलफल

७. ठूलोगाउँ स्वास्थ चौकी

८. वडा नम्बर पाँच कि कृषि सहकारी सदस्य सबिना भण्डारीसँग अन्तरवार्ता गर्दै

९. वडा नम्बर तीनको डाडा गाउँनिवासी गंगा पौडेलसँग गरिएको कुराकानी

१०. वडा नम्बर एक स्थित मैलुङमा युवासँग गरिएको अन्तरवार्ता

११. वडा नम्बर पाँच स्थित लहरेपौवामा एकल महिलासँग गरिएको अन्तरवार्ता

१२. चिनिया भाषाको स्नातक कार्यक्रमका विद्यार्थीहरुसँग गरिएको समूहमा आधारित छलफल

१३. गलैंचा बुन्ने तालिम लिईरहेका वडा नम्बर एकका महिलाहरुसँग समूहमा आधारित छलफल

१४. वडा नम्बर पाँच स्थित खाल्डेमा रहेको बाढीको जोखिममा रहेको वडा नम्बर एकका वासीन्दाको बस्ती

१५. अनुदानमा आधारित कृषि कार्यक्रम अन्तर्गत बनाईएको गोलभैँडाको टनेल

१६. अनुसन्धान टोलीका सदस्य वडा नम्बर ३ को ठूलो गाउँ वडा २को डाँडा गाउँ जाने क्रममा

१७. सुधारिएको गोठ

१८.सेवा ग्राही महिलासँग कुराकानी गर्दै

१९. न्यायिक समितिका सदस्य तथा मेलमिलाप कर्ताका लागि आयोजना गरिएको तालिममा अवलोकन पश्चात तालिमको सहजकर्ता, न्यायिक समितिका प्रमुखसँग लिईएको तस्विर

अनुसूचि दुईः अध्ययनका प्रयोग गरिएको प्रश्न पत्र

१ उत्तरदाताको कोड........

२ वडा नं :.......

३ लिङ्ग

१. पुरुष २. महिला ३. अन्य

४ उमेर

१. २५ वर्षभन्दा कम २. २५-५० वर्ष सम्म ३. ५० वर्ष भन्दा माथि

५. जात/समुदाय

१. ब्राह्मण/क्षेत्री २. जनजाति ३. दलित ४. अन्य

६. वैवाहिक अवस्था

१. विवाहित २. अविवाहित ३. विधवा/विदुर

७ मुख्य पेशा

१ कृषि

२ सरकारीरनिजी जागिर

३ व्यवसाय

४ सामाजिक कार्य

५ गृहिणी

६ अन्य

७ मजदुरी

८ विद्यार्थी

खण्ड-ख टेलिमेडिसिन सेवा

८. गाउँपालिकामा टेलिमेडिसिन सेवा सञ्चालन भएको जानकारी छ?

१. छ   २. छैन   ३. थाहा छैन

९. तपाईंले टेलिमेडिसिन सेवा लिनु भएको छ ?

१. छ   २. छैन

१०. टेलिमेडिसिन सेवाले तपाइँहरु जस्तो बिरामीका लागि सहयोग पुगेको छ कि छैन ? यदि छ भने के के सहयोग पुगेको छ । छैन भने किन ?

खण्ड-ग स्वास्थ्य शिविर तथा गाउँघर क्लिनिक

११. पालिकाले विभिन्न समयमा स्वास्थ्य शिविर संचालन गर्ने कुराहरु तपाईहरु लाई थाहा छ ?

१. थाहा छ   २. थाहा छैन

१२. गाउँपालीकाले के कस्ता शिविर संचालन गर्छ ?

१३. उक्त शिविर बाट पालिकाका मानिस हरुलाई सहयोग पुगेको छ कि छैन ? किन ?

१४. स्वास्थ्य शिविर कतिको प्रभावकारी थियो ?

१५. स्वास्थ्य सिविर र गाउँघर क्लिनिक प्रति तपाईहरुको अनुभव सुनाइदिनुहोस ?

खण्ड-घ उद्यम विकास तथा सीपमूलक तालिम

१६. गाउँपालिकाबाट कुनै तालिम लिनुभएको छ ?

१. छ   २ छैन

१७. उद्यमशिलता विकासका कार्यक्रमको प्रभावकारिता अवस्था बारे बताइदिनु होस् ?

खण्ड-ङ कृषि तथा पशुपालन

१८. पालिकामा के कस्ता कृषि अनुदान कार्यक्रमहरु संचालन भएका थिए ?

१९. कृषि अनुदान कार्यक्रमको प्रभावकारिता अवस्था बारे बताइदिनु होस् ?

खण्ड-च पशुपालन सेवा

२०. पालिकाले पशुसेवा कार्यक्रम अन्तर्गत के कस्ता सहयोग गरेको थियो ?

२१. ति कार्यक्रमहरु जनताको चाहना अनुसारका थिए ?

२२. पशुपालनमा गरिएको सहयोग कतिको प्रभावकारी भएको छ र थियो ?

खण्ड-छ गाउँपालिकाको सार्वजनिक सेवा

२३. गाउँपालिकाले जनतालाई पालिकाबाट अथवा वडाबाट दिने सेवा प्रति तपाइँ कतिको सन्तुष्ट हुनुहुन्छ ?

खण्ड-ज विपद् व्यवस्थापन

२३. विपद् व्यवस्थापन समितिबारे तपाई लाई थाहा छ ?

१. छ   २. छैन

२४. विपद् व्यवस्थापन समितिले कतिको प्रभावकारी भएको पाउनु भएको छ ?

खण्ड-झ न्यायिक समिति

२५. न्यायिक समिति बारे तपाई लाई थाहा छ ?

१ छ   २ छैन

२६. न्यायिक समिति र मेलमिलाप केन्द्र बारे बताईदिनुहोस ।

२७. वडा बाहिरका शिक्षक तथा स्वास्थ्यकर्मिलाई प्रोत्साहन कार्यक्रमबारे तपाईलाई लागेको धारणा बताइदिनु ?

२८. चिनियाँ भाषाको कार्यक्रम कतिको प्रभाबकारी पाउनु हुन्छ ?

२९. गाउँपालिकाको सबैभन्दा राम्रो कार्यक्रम कुन हो ?

३०. सुधार गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्र कुन हो ?

३१. पालिकालाई दिनु पर्ने केहि सल्लाह र सुझावहरु बताइदिनु होस ?

धन्यवाद